news24 दैनिक

वर्ष १३ अंक २१ राष्ट्रिय दैनिक | १० भदौ २०८२, मंगलबार भदौ शुक्ल तृतीया | नेपाल संवत् ११४५ | Tuesday 26 August 2025 | www.news24dainik.com | पृष्ठ ८ | मूल्य १० रुपैयाँ

# शिक्षक फेरि सडकमा

## सरकारले सहमति कार्यान्वयन नगरेको भन्दै आन्दोलन



नेपाल फोटो लाइब्रेरी

news24

**काठमाडौं, भदौ ९**

नेपाल शिक्षक महासंघले सरकारले विगतका सहमति कार्यान्वयन नगरेको र हाल प्रस्तुत विद्यालय शिक्षा विधेयक शिक्षक-कर्मचारीमैत्री नभएको भन्दै पुनः सडक आन्दोलन सुरु गरेको छ।

विगतका सहमति कार्यान्वयन गर्न शिक्षामन्त्री र दलहरूलाई ध्यानाकर्षण पत्र बुझाएको महासंघले सोमबारदेखि काठमाडौंमा फेरि सडक आन्दोलन थालेको हो। शिक्षकहरूले सोमबार कालोपट्टी बाँधेर काठमाडौंमा प्रदर्शन गरेका छन्।

महासंघका अनुसार २०७५, २०७८ र २०८० सालमा क्रमशः ३०, ५१ र ६ बुँदामा सरकारसँग सहमति भएको थियो। ती सबै सहमति समेटी विद्यालय, विद्यार्थी र शिक्षक-कर्मचारीमैत्री ऐन ल्याउनुपर्ने माग गर्दै गत वर्ष पनि शिक्षकहरू प्रदर्शनमा उत्रिएका थिए।

*बाँकी पृष्ठ २ मा...*

### शिक्षक किन असन्तुष्ट?

- अस्थायी शिक्षक स्थायित्वमा ७५ प्रतिशत आन्तरिक परीक्षा व्यवस्था भएन
- गोल्डेन हेन्डसेक रकम किटान भएन
- स्थायी शिक्षक बढुवा र निवृत्तिभरणमा अस्थायी अवधि गणना गरिएन
- बालकक्षा र निजी विद्यालय शिक्षकको सेवा-सुविधा बेवास्ता गरियो
- अन्यायपूर्ण सरुवा र दरबन्दी हस्तान्तरण प्रावधान राखियो
- शिक्षण परिषद् र परीक्षा बोर्डमा महासंघको प्रतिनिधित्व दिइएन
- स्थानीय तहमा जबर्जस्ती सरुवा, निष्कासन र अनुमतिपत्र नवीकरणमा आतंक फैलाइयो


### भित्री पृष्ठमा



**तीज : मौलिकता जोगाउने चुनौती**

*महिला, पुरुषहरू धेरै खाडीमा छन्, कोही युरोप र अमेरिकामा पनि छन्। गाउँघर खाली छ, सहरीयाहरू मन्दिर गएर दिन बिताउनुपरेको छ, काम छैन, आयआर्जन छैन। सामाजिक सञ्जालको रोजगारी छ।*

*(अच्युतप्रसाद पौडेल 'चिन्तन'को विचार)*

- **सुटकेशभित्र शव : अनुसन्धानले गऱ्यो हत्याराको संकेत, प्रहरीले खुलाएन**
- **रविलाई छुटाउन जिल्लाको आदेश बदरको मागसहित निकिता उच्चमा**
- **प्रि-आइपीओको नाममा पैसा नउठाउन धितोपत्र बोर्डको चेतावनी**


# तीजलाई पशुपतिनाथमा विशेष व्यवस्था

काठमाडौं (संवाददाता)- पशुपति क्षेत्र विकास कोषले यस वर्ष तीजका व्रतालुका लागि विशेष व्यवस्था मिलाएको छ। कोषका निमित्त सदस्यसचिव सुभाषचन्द्र जोशीका अनुसार पशुपतिनाथ मन्दिर बाहिरी क्षेत्रमा चार लाइन र भित्री क्षेत्रमा आठ लाइनमा दर्शन गर्न सक्ने व्यवस्था गरिएको छ।



मंगलबार मन्दिरका चारै ढोका बिहान ३ बजेदेखि खुला गरिनेछ भने सुरक्षा, स्वयंसेवक, ट्राफिक, पार्किङ, स्वास्थ्य सेवा र सरसफाइको व्यवस्था मिलाइएको कोषले जनाएको छ। सञ्चारकर्मीले परिचयपत्रका आधारमा मुख्य क्षेत्रमा प्रवेश गर्न सक्नेछन्। यस वर्ष सोमबार दर खाएका तीजका व्रतालुले मंगलबार शिवालयहरूमा दर्शन र पूजाअर्चना गर्नेछन्। यो दिन पशुपतिनाथ क्षेत्रमा मेला लाग्छ। तीजका लागि पशुपति क्षेत्रमा सशस्त्र प्रहरी बलको स्वास्थ्यकर्मी र एम्बुलेन्ससहित करिब सात सय जनशक्ति परिचालन गरिने भएको छ। जसमध्ये १५० महिला सशस्त्र प्रहरी कर्मचारीहरू खटिने जनाइएको छ। दर्शनार्थीको सहजताका लागि सशस्त्र प्रहरी बल नेपाल नं. २० विपद् उद्धार गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक जीवन केसीको कमाण्डमा राति २ बजेदेखि ड्युटी परिचालन हुने सशस्त्र प्रहरीका केन्द्रीय प्रवक्ता कालीदास धौवजीले जानकारी दिएको राससले जनाएको छ।

*बाँकी पृष्ठ २ मा...*

पतञ्जलि जग्गा प्रकरणमा थुनछेक बहस

# विशेषमा ८३ हाजिर, १० जना सम्पर्कविहीन

- पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल ३५ लाख धरौटी बुझाएर मुद्दा सामना गर्दै, अरू प्रतिवादीहरू कसैलाई धरौटी, कसैलाई साधारण तारेख
- अदालत नआएका प्रतिवादीमध्ये केही विदेशमा, केही सम्पर्कविहीन, १० जनाको म्याद तामेलमा कठिनाइ
- थुनछेक बहस सकिएपछि प्रमाण बुझ्ने, साक्षी बयान लिने प्रक्रिया अघि बढ्ने

**पूर्वप्रधानमन्त्री नेपाल, मन्त्री, सचिव, कर्मचारीसहित ९३ जनाविरूद्ध १८ करोड ५८ लाख ५० हजार रूपैयाँ बिगो, कैद र जरिवाना मागदाबी गर्दै अख्तियारले जेठ २२ गते मुद्दा दर्ता गरेको थियो**





**भाषा शर्मा**
**काठमाडौं, भदौ ९**

पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल जोडिएको काभ्रेको साँगा पतञ्जलि जग्गासम्बन्धी भ्रष्टाचार मुद्दामा सोमबारसम्म थुनछेकका लागि ८३ जना अदालतमा हाजिर भइसकेका छन्। विशेष अदालतमा करिब दुई महिनाअघि दर्ता भएको भ्रष्टाचार मुद्दा प्रतिवादीहरूलाई थुनछेक बहसको प्रक्रिया रहँदा अब १० जनामात्रै उपस्थित हुन बाँकी छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालीन प्रधानमन्त्री नेपालसहित मालपोतका कर्मचारी लगायतलाई ९३ जनालाई छुट्टाछुट्टै १८ करोड ५८ लाख ५० हजार रुपैयाँ बिगो, कैद, जरिवाना मागदाबी लिएर गत जेठ २२ मा मुद्दा दर्ता गरेको थियो।

ठूलो बिगो माग दाबी गरिएको र धेरै प्रतिवादी कायम गरिएको भ्रष्टाचार मुद्दामा अदालतमा उपस्थित गराउनै समय लाग्ने गरेको छ। मुद्दा दर्ता भएको दुई महिना नपुग्दै विशेष अदालतले ८३ जनालाई हाजिर बनाउन सफल भएको छ। उपस्थित भएकामध्ये सबै प्रतिवादीलाई अदालतले पुर्पक्षका लागि थुनामा भने राखेको छैन। कसैलाई धरौटीमा छोडेको छ भने कतिलाई साधारण तारेख, कतिलाई खोजेका बखत उपस्थित हुनेगरी थुनाबाहिरै बसेर मुद्दा लड्न अनुमति दिएको छ। पूर्वप्रधानमन्त्री नेपालले ३५ लाख धरौटी रकम तिरिसकेका छन्।

'मुद्दालाई छिटो प्रक्रिया अगाडि बढाउन हाम्रा तामेलदारहरू म्याद बोकेर दौडिरहेका छन्,' विषेध अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीले भने, 'अब बाँकी १० जनामध्ये कतिपयसँग सम्पर्क हुन सकिरहेको छैन। कतिपय विदेश हुन सक्छन्।' काठमाडौंमा बस्नेले पनि सम्पर्क नम्बर परिवर्तन गरिदिँदा झनै समस्या हुने गरेको छ। काठमाडौं बाहिर जिल्लामा म्याद तामेल गर्न गाह्रो हुने गरेको छ।

कानूनअनुसार अदालतले मुद्दा दर्ता भएको ६ महिनाभित्र मुद्दा छिन्नुपर्छ। विशेष अदालतले दुई वर्ष अघिदेखि कामलाई छिटोछरितो बनाउँदै समयभित्रै मुद्दा छिन्ने गरेको छ। बाँकीको म्याद तामेल भएको र अदालतमा उपस्थित नभएमा पत्रिकामा सूचना प्रकाशित गरेर प्रक्रिया अगाडि बढाउने रेग्मीले बताए। '९३ जनामा ८३ जना उपस्थित हुनु पनि ठूलै उपलब्धि हो,' उनी भन्छन्।

अदालतमा मुद्दा दर्ता भइसकेपछि सामना गर्नुको अर्को विकल्प पनि कुनै पनि प्रतिवादीमा छैन। जति सक्दो छिटो अदालतले बोलाएको समयमा उपस्थित हुन सकेमा मुद्दा फैसलामा मुद्दत पुग्छ। त्यसपछि आफू माथि लागेको आरोपपत्रलाई खण्डन गर्ने मौका पनि प्रतिवादीले पाउँछन्।

थुनछेक बहस सकिएपछि अदालतले प्रमाण बुझ्ने, साक्षी बकपत्रजस्ता प्रक्रिया अगाडि बढाउने कानूनी व्यवस्था छ। तर, सबै प्रतिवादी अदालतमा हाजिर नभएसम्म कानूनअनुसार प्रमाण बुझ्ने काम अघि बढ्न सक्दैन। यदि कोही प्रतिवादी अदालत नआएमा म्याद तामेलको सूचना पत्रिकामा प्रकाशित गरेको ३० दिन कटेपछि बल्ल प्रमाण बुझ्ने प्रक्रिया अघि बढ्ने रेग्मीले प्रष्ट पारे।

### यस्तो हो मुद्दा

प्रधानमन्त्री पदबाट हटेको १४ वर्षपछि माधवकुमार नेपाल मुद्दाको झमेलामा परेका हुन्। उनीसहित तत्कालीन मन्त्री, मुख्यसचिवसहित ९३ जनालाई सार्वजनिक जग्गा दुरुपयोगको आरोपमा विशेष अदालत काठमाडौंमा गत जेठ २२ मा भ्रष्टाचार मुद्दा दर्ता भएको गरेको थियो।

काभ्रेको साँगामा ५५४ रोपनी ५ आना १ दाम जग्गा सार्वजनिक जग्गा काभ्रेको पतञ्जलि योग पीठ तथा आयुर्वेद कम्पनीलाई हदबन्दीभन्दा बढी जग्गा दिएको भन्दै भ्रष्टाचार दर्ता गरेको हो। पतञ्जलिका लागि १६ वर्ष पहिले काभ्रेको साँगामा जग्गा खरिद गरिएको थियो।

*बाँकी पृष्ठ २ मा...*






**भीआइपीलाई विशेष व्यवस्था** : त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनलमा छुट्टै निर्माण गरिएको नयाँ भीआइपी कक्ष सोमबार उद्घाटन गर्दै पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डे। भीआइपीहरुको सुविधाका लागि नयाँ कक्ष निर्माण गरिएको हो।
*तस्बिर : नेपाल फोटो लाइब्रेरी*

# जिल्लाको आदेश बदरको मागसहित निकिता उच्च अदालतमा

news24
**काठमाडौं, भदौ ९**



**बिगो रकम बराबरको बैंक ग्यारेन्टी राखेर पनि थुनामुक्त नगरेको आदेश बदरको माग गर्दै सोमबार उच्च अदालत बुटवलमा निवेदन, संविधान र कानुनअनुसार न्याय खोज्ने अडान**

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेका तर्फलाई रुपन्देही बिगो बराबरको धरौटी राखेर पनि जिल्ला अदालतले थुनामुक्त नगरेको आदेश बदरको माग गर्दै उच्च अदालत तुलसीपुरको बुटवल इजलासमा निवेदन दर्ता भएको छ।

पत्नी निकिता पौडेलले संविधान र कानूनले दिएका अनुमति अनुसार न्यायको ढोका ढक्ढकाउन नछाड्ने दाबीसहित सोमबार निवेदन दर्ता गराएकी हुन्। उनले साउन २६ मा रुपन्देही जिल्ला अदालतले गरेको आदेश बदर गरी बिगो जमानत राखेर थुनामुक्त गर्न निवेदनमार्फत माग गरेकी छन्। लामिछाने सहकारी ठगी मुद्दामा पुर्पक्षका लागि रुपन्देशी कारागारमा रहेका लामिछाने अड्डासारसँगै हाल नख्खु कारागारमा छन्।

जिल्लाको आदेश बदरको माग गर्दै निवेदन दर्ता हुन आएको उच्च अदालत बुटवलका सूचना अधिकारी रामबहादुर कुँवरले पुष्टि गरे।

रुपन्देही जिल्ला अदालतले पौने ३ करोड रुपैयाँको बैंक ग्यारेन्टी राखेर थुनाबाहिरै बस्न पाउने लामछिनेको माग अस्वीकार गरेको थियो। जिल्ला न्यायाधीश नारायण सापकोटाको इजलासले लामिछानेले मागेबमोजिम नहुने फैसला गरेको थियो।

हालसम्म प्राप्त प्रमाणका आधारमा लामिछाने गोर्खा मिडियामा प्रबन्ध निर्देशक हुनुअघि नै सहकारीबाट रकम लिएर आर्थिक कारोबारमा संलग्न रहेको अदालतको ठहर भइसकेको छ।

'बैंक ग्यारेन्टी राखेर थुनामुक्त हुने विषय विचारणीय रहे पनि सहकारी ऐन, संगठित अपराध निवारण ऐन सजाय हुन मागदाबी लिइएको पाइएको छ,' जिल्ला अदालतले भनेको छ। लामिछानेको हालसम्म बिगोसमेत एकीन भइनसकेको पनि अदालतले उल्लेख गरेको छ। 'मुद्दामा साक्षी बुझ्नेलगायतका थप प्रमाण बुझ्ने बाँकी रहेको अवस्थामा बैंक ग्यारेण्टी लिइ तारेखमा राख्न मिल्ने देखिएन,' अदालतले भनेको छ।

सहकारी ठगीको अभियोगमा पुर्पक्षका लागि भैरहवा कारागारमा रहेका बेला लामिछानेले रुपन्देहीमा दर्ता भएको मुद्दाका आधारमा आफ्नो भागमा परेको बिगोबापतको २ करोड ७४ लाख ८४ हजार रुपैयाँ बराबरको बैंक ग्यारेन्टी दाखिला गर्दै थुनामुक्त हुनपाउने माग गर्दै साउन १९ मा निवेदन दर्ता गराएका थिए। मूल बिगो सबैलाई भाग लगाउँदै आफ्नो भागमा पर्ने रकम छुट्याएर प्रभु बैंकको ग्यारेन्टीपत्र निवेदनसाथ बुझाएका हुन्। त्यो निवेदनले उनी छुट्न सक्ने समर्थकहरूमा आस बढेको थियो। 'आफ्नो पदीय गरिमा र जिम्मेवारीलाई आत्मसात् गरी बचतकर्ताको बचत रकम सुनिश्चित गर्ने प्रयोजनार्थ मेरोविरुद्ध अभियोगपत्रमा गलत ढंगले दाबी गरिएको बिगो बापतको २ करोड ७४ लाख ८४ हजार रुपैयाँ बराबरको बैंक ग्यारेन्टी दाखिला गरिदिएको छु,' उनले जिल्ला अदालतमा पेस गरेको निवेदनमा भनेका थिए। जिल्ला अदालतले छाड्न नमिल्ने भनेपछि लामिछानेको कारागार सरुवा गरिएको थियो। लामिछानेकै मागबमोजिम नख्खु कारागारमा सारिएको कारागार व्यवस्थापन विभागले जनाएको छ। उनीविरूद्ध रुपन्देहीसहित काँस्की, काठमाडौं, चितवन, पर्सामा पनि सहकारी ठगीका मुद्दा दर्ता छन्। कास्कीमा सहकारी ठगी र संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा पनि दर्ता छ। सम्पत्ति शुद्धीकरण मुद्दा दर्ता भएपछि उनको सांसद निलम्बनमा छ।

उच्च अदालत बुटवल इजलासले उनलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको थियो। त्यही आदेशविरुद्ध सर्वोच्च अदालतमासमेत निवेदन दर्ता भएको थियो। त्यसपछि अन्तिम अदालत सर्वोच्चले नै पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरिसकेको छ।

## सुटकेशभित्र शव

# अनुसन्धानले गऱ्यो हत्याराको संकेत

**वालविक्रम कार्की**
**रौतहट, भदौ ९**

गौरमा सुटकेशभित्र शव भेटिएको घटनाका प्रहरी संदिग्ध दोषीनजिक पुगेको छ। रौतहटको माधवनारायण- ६ की ३० वर्षीया रुबीकुमारी साहको हत्या गरेर सुटकेशमा राखेको अवस्थामा शनिबार शव फेला परेको थियो।




प्रहरीले घटनास्थल आसपासको सीसीटीभी क्यामरा, मृतकको मोबाइलको कल डिटेल लगायत विविध पक्षहरूबाट अनुसन्धान थालेको थियो। मान्छे अटाउने सुटकेश कसैले सजिलै बोकेर छाडेको ठाउँसम्म पुऱ्याउन सजिलो थिएन। यस कोणबाट हेर्दै गौर क्षेत्रमा चल्ने ई-रिक्साका चालकहरूलाई सोमबार जिल्ला प्रहरी कार्यालयमा बोलाएर सोधपुछ गरेको प्रवक्ता डीएसपी राजु कार्कीले बताए। 'हामी अनुसन्धानमै क्रममा छौं, कसैलाई पक्राउ गरिसकेका छैनौं,' सोमबार साँझ उनले संवाददातासँग भने, 'शंकास्पद व्यक्ति हाम्रो अनुसन्धानको घेरामा छन् तर, ठ्याक्कै उही हो भन्ने पर्याप्त प्रमाण पुगिसकेको छैन।' केही सञ्चारमाध्यममा प्रहरीले कसुरवारका सहयोगी शंकास्पदलाई पक्राउ गरेको र हत्यारा पहिचान भइसकेको भनेर आएका खबरमा सत्यता नभएको उनले दाबी गरे।

'हामीले घटनालाई गम्भीररूपमा लिएर अनुसन्धान गरिरहेका छौं,' अनुसन्धानमा अप्ठ्यारो पर्नेगरी समाचार सम्प्रेषण नगरिदिन उनले अनुरोध गरे। 'समाचारहरूमा आएजस्तो हामीले अनुसन्धानका क्रममा कसैलाई पक्राउ पनि गरेका छैनौं। हत्यामा संलग्नहरूको ठ्याक्कै पहिचान पनि भइसकेको अवस्था छैन। तर, अनुसन्धानको क्रममा धेरै कुराहरू खुलिसकेका छन्। चाँडै नै अपराधी पक्राउ पर्छन्,' उनले भने।

घटनाको अनुसन्धानमा संलग्न अर्का एक प्रहरीले हत्यामा संलग्नको पहिचान भइसकेको भए पनि अनुसन्धानमा असर पर्ने भएकाले गोप्य राखिएको दाबी गरेका छन्। उनले भने 'अनुसन्धानबाट हत्यारा को हो भन्ने पत्ता लागिसक्यो तर, पक्राउ पर्न बाँकी छ। नाम सार्वजनिक गर्दा ऊ हाम्रो पकडमा नआउन सक्छ,' उनले भने। उनका अनुसार शव भारतीय सीमानजिक भेटिएको भए पनि हत्या गौरकै कुनै घरमा गरेर लासलाई सुटकेशमा हाली लगेर छाडिएको अनुसन्धानमा देखिन्छ। 'हत्या जसले गरे पनि शव भएको सुटकेश उसले सहयोगीबिना लगेर सुनसान ठाउँमा छाड्न सम्भव देखिँदैन,' उनले भने।

शव रहेको सुटकेश शनिबार राति सडकछेउ फेला परेको थियो। प्रहरीले बम हुनसक्ने शंकामा रातभर पहरा दिएर आइतबार बिहानमात्रै खोलेर हेरेको थियो। त्यसमा रुविदेवीको शव थियो। भारतको मुजफ्फरपुर घर भएकी रुविदेवी चार वर्षीय छोरालाई स्कूल आउजाउ गर्ने बानी लगाउने भन्दै केही महिनाअघि माइती आएकी थिइन। उनी छोरा र आमा मिथिलादेवीसँगै गौर-२ महादेवपट्टीमा डेरा गरेर बस्दै आएकी थिइन। शनिबार साँझ शृंगार गराउन ब्युटीपार्लर गएकी उनको अन्तिम पटक आमा मिथिलादेवीसँग मोबाइलमा कुरा भएको थियो। आमाले उनलाई 'घर आउँदा छोराका लागि चकलेट ल्याइदिनू' भनेकी थिइन। तर, उनी बेलुकी अबेरसम्म डेरामा फर्किनन्। पछि रिङ गर्दा उनको मोबाइल पनि स्वीच अफ थियो। आफन्तले खोजी गर्दा पनि भेटिएकी थिइनन्। सुटकेशमा शव फेला परे पनि उनको मोबाइल सेट भेटिएको छैन। उनका श्रीमान शिवसागर साह आइतबार नै भारतबाट गौर आएका छन्।

# राज्य व्यवस्था समितिमा सभापति चुनावबाट

news24
**काठमाडौं, भदौ ९**

**मंगलबार दिउँसो १-४ बजेसम्म उम्मेदवारी दर्ता, बुधबार निर्वाचन**

**सत्ता गठबन्धनतर्फबाट कांग्रेसले दिलेन्द्रप्रसाद बडूलाई अघि सार्ने तयारी**

प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा सभापति चयनका लागि बुधबार निर्वाचन गरिने भएको छ। निजामती विधेयकमा 'कुलिङ पिरियड' विवादपछि रामहरि खतिवडाले राजीनामा दिएयता उक्त पद रिक्त छ।

संघीय संसद् सचिवालयले निर्वाचन कार्यक्रम सार्वजनिक गरेको हो। सभामुख देवराज घिमिरेले बुधबार सभापति चुन्नेगरी कार्यक्रम घोषणा गरेका हुन्। सचिवालयले निर्वाचन कार्यतालिका सार्वजनिक गर्दै मंगलबार अपराह्न १ देखि ४ बजेसम्म समितिको कुनै पनि सदस्यलाई समितिको सभापतिमा एकजना सदस्यको समर्थनसहित सचिवको कार्यकक्षमा प्रस्ताव दर्ता गर्न सकिने जनाएको छ।

मंगलबारै सवा ४ बजे निर्धारित समयभित्र दर्ता भएका प्रस्तावको सूची प्रकाशन गरिनेछ भने बुधबार दिउँसो ३ बजे समितिको बैठकमा प्रस्तावकले प्रस्ताव प्रस्तुत गर्ने र समर्थकले सम्बन्धित प्रस्तावको समर्थन गर्नेगरी व्यवस्था छ।

संघीय निजामती विधेयकमा 'कुलिङ अफ पिरियड'सम्बन्धी व्यवस्थामा हेरफेर भएपछि प्रश्न उठेको थियो। संसद्मा जीवन परियारको संयोजकत्वमा गठन भएको सात सदस्यीय विशेष छानबिन समितिले प्रतिनिधिसभामा प्रतिवेदन पेस गरेको थियो। प्रतिवेदनमा उक्त विधेयकका प्रावधान रहेका शब्दमा छेडखानी हुनुमा समितिका सभापति खतिवडाको पनि कमजोरी देखाएको थियो।

त्यसपछि साउन २८ मा खतिवडाले सभापति पदबाट राजिनामा दिएका थिए। प्रतिनिधिसभा नियमावली अनुसार सभापति पद रिक्त भएको १५ दिनभित्र पदपूर्ति गरिसक्नुपर्छ।

सत्ता गठबन्धनको तर्फबाट कांग्रेसले दिलेन्द्रप्रसाद बडूलाई सभापति बनाउने तयारी गरेको स्रोतले बताएको छ।

## यस्तो हो...

पतञ्जलि योग पीठ तथा आयुर्वेद कम्पनीले कम्पनी सञ्चालनको लागि हदबन्दीभन्दा बढी जग्गा खरिद गरेको, कम मूल्यमा किनेर बढी मूल्यमा बेचबिखनमा निर्णय गराउने प्रधानमन्त्री, जग्गा लेनेदेनमा सहज गरिदिने मालपोत कार्यालयलगायत ९३ जना संलग्नता रहेको अख्तियारको दाबी छ।



२०६६ पुस २४ मा भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट पतञ्जलि योगपीठ तथा आयुर्वेद कम्पनीलाई हदबन्दी छुट दिनेगरी मन्त्रिपरिषद्मा प्रस्ताव पेस गरिएको थियो। प्रस्ताव आएको ६ दिनपछि पुस २९ मा तत्कालीन प्रधानमन्त्री नेपाल नेतृत्वको मन्त्रिमण्डलले 'मन्त्रिपरिषद विधेयक समितिमा छलफल गरी समितिको निर्णयबमोजिम गर्ने' निर्णय गरेको थियो। विधेयक समितिका संयोजक प्रेमबहादुर सिंहले हदभन्दा बढी जग्गालाई वैधानिकता दिनेगरी छुटको निर्णय गराएका थिए। तत्कालीन प्रधानमन्त्री नेपालको निर्देशनअनुसार मन्त्रिपरिषद् मा ठाडो प्रस्ताव लगिएको अख्तियारको दाबी छ। तत्कालीन मुख्यसचिव माधवप्रसाद घिमिरेले मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनका लागि पत्राचार गरेका थिए। मन्त्रिपरिषद्को निर्णय अघि नै २०६५ फागुन १५ गते सनराइज बैंक लिमिटेडबाट हदबन्दी बढी जग्गा धितो दृष्टिबन्धक राखी कर्जा प्रवाह भएको देखिन्छ।

प्रधानमन्त्रीसमेतका पदाधिकारीको मिलेमतोमा पतञ्जलि नेपालका संस्थापक सदस्य शालिग्राम सिंह, कर्मचारी, पदाधिकारी, मुख्यसचिव, मन्त्रिपरिषद्, विधेयक समितिका संयोजक सबैको मिलेमतोमा सार्वजनिक जग्गाको दुरुपयोग भएको अख्तियारको ठहर छ।

दायर मुद्दामा माधवकुमार नेपाल, विधेयक समितिका तत्कालीन संयोजक प्रेमबहादुर सिंहमाथि १८ करोड ५८ लाख ५० हजार रुपैयाँ बिगो माग, कैद, जरिवाना मागदाबी लिइएको छ। मुद्दामा पतञ्जलि नेपाल संस्थापक सदस्य शालिग्राम सिंहलाई मतियार भएको भन्दै मुख्य कसुरदारलाई हुने सजायको मागदाबी लिइएको छ।

२०६६ माघ १८ मा साँगा र महेन्द्रज्योतिमा समेत गरी जम्मा ५५४ रोपनी ५ आना १ पैसा जग्गा खरिद गरी गराइ कम्पनीको नाममा कायम गराइएको थियो। जुन प्रयोजनका लागि जग्गा खरिद गरिएको हो सोही प्रयोजनमा मात्र प्रयोग गर्ने र खरीद गरिएको जग्गा बेचबिखन गर्न नपाउने गरी पतञ्जलि योग पीठ तथा आयुर्वेद कम्पनी नेपाललाई भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ बमोजिम हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न स्वीकृति दिने भनी निर्णय गराइएको थियो। मालपोत कार्यालय काभ्रेबाट हदभन्दा बढी जग्गा खरिद गरी गराई पतञ्जलिको नाममा कायम गराइएको थियो।

मालपोत कार्यालय काभ्रेबाट झुठा विवरणसहित हदबन्दी छुट दिन हुने भनी गलत प्रतिवेदन भूमिसुधार तथा व्यवस्थापन विभागमा पठाइएको थियो। त्यसपछि हदबन्दी छुटका लागि भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको देखिन्छ। तत्कालीन प्रधानमन्त्री, मुख्यसचिवसमेतले बदनियत राखी हदबन्दी छुट सम्बन्धी प्रस्ताव कानूनसम्मत देखिएको भन्दै निर्णय गराइएको अख्तियारको दाबी छ। मुद्दामा तीनजना दिवंगतलाई पनि विपक्षी बनाइएको छ। मृत्यु भइसकेका व्यक्तिको नजिकका परिवारलाई विपक्षी बनाउँदै सम्पत्ति जफतको मागदाबी गरिएको छ। तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्री डम्बर श्रेष्ठको मृत्यु भइसकेकाले बिगो असुलका लागि उनका छोरा सन्तोष श्रेष्ठलाई विपक्षी बनाइएको छ। त्यसैगरी पूर्व मुख्यसचिव माधवप्रसाद घिमिरेको हकमा उनकी पत्नी कमला घिमिरेलाई बिगो असुलका लागि प्रतिवादी बनाइएको छ। भूमिसुधार तथा व्यवस्था मन्त्रालयका तत्कालीन सचिव छविराज पन्त, सहसचिवहरू जितबहादुर थापा र लामणि जोशीलाई संयुक्तरूपमा १८ करोड ५८ लाख ५० हजार रुपैयाँ बिगो कायम गर्दै कैद, जरिवाना मागदाबी गरिएको छ।

मन्त्रालयका तत्कालीन उपसचिव कलानिधि पौडेल, उपसचिवहरू गान्धीप्रसाद सुवेदी, हुपेन्द्रमणि केसीलाई संयुक्त रुपमा १८ करोड ५८ लाख ५० हजार रुपैयाँ बिगो कायम गर्दै कैद, जरिवाना मागदाबी छ।

भूमिसुधार तथा व्यवस्थापन विभागका तत्कालीन महानिर्देशक केशरबहादुर बानियाँ, काभ्रे मालपोत अधिकृत प्रेमबहादुर देसारलाई जनही १८ करोड ५८ लाख ५० हजार रुपैयाँ बिगो कायम गर्दै कैद, जरिवाना मागदाबी गरिएको छ। विभागका तत्कालीन उपसचिव राजाराम थापा, शाखा अधिकृत सीताराम पोखरेल, नायब सुब्बा बुद्धिबहादुर कार्कीलाई संयुक्त रुपमा १८ करोड ५८ लाख ५० हजार रुपैयाँ बिगो कायम गर्दै कैद, जरिवाना माग छ। मालपोत काभ्रेका कर्मचारी केदारनाथ भट्टराई, वेदप्रसाद अर्याल, शिवहरि शर्मा सुवेदी, विनोद कोइराला, तुलामणि राजभण्डारी, कृष्णप्रसाद सापकोटा, हरिप्रसाद होमागाईंलाई संयुक्त रुपमा १८ करोड ५८ लाख ५० हजार रुपैयाँ बिगो कायम गर्दै कैद, जरिवाना मागदाबी गरिएको छ। गुठी संस्थान शाखा काभ्रेका तत्कालीन कामु कार्यालय प्रमुख कृष्णहरि भट्टराई, साथै पवन आचार्य, माधवप्रसाद होमागाईंलाई १३ करोड १२ लाख ६० हजार रुपैयाँ बिगो मागदाबी, कैद, जरिवाना माग गरिएको छ।

सनराइज बैंकका एशु मैनाली, मनोज न्यौपाने, विक्रान्त कोइराला, रविनकुमार नेपाल, आशा राणा, संजयकुमार सिद्धि, सुनिलरत्न स्थापित, बलराम विष्टलाई एकमुष्ट १८ करोड ५८ लाख ५० हजार रुपैयाँ बिगो, कैद, जरिवाना मागदाबी छ। पतञ्जलिका संस्थापक सदस्य शालिग्राम सिंहलाई मतियारको भूमिका खेलेको भन्दै १८ करोड ५८ लाख ५० हजार रुपैयाँ बिगो कायम गर्दै कैद, जरिवाना मागदाबी छ।

साथसाथै भोजराज शर्मा वाग्लेलाई ६ करोड ७० लाख, जीवनराज ६५ लाख, ध्रुवराज थापालाई ५ करोड ९४ लाख ५० हजार, मनु घिमिरेलाई २ करोड ६० लाख, ओमप्रकाश वंशललाई ८७ लाख, भीमदत्त जोशीलाई ९० लाख, वीरेन्द्रलाल श्रेष्ठ ७८ लाख, लक्ष्मण कार्कीलाई १४ लाख रुपैयाँ बिगो कायम गरी कैद, जरिवाना मागिएको छ। पतञ्जलि कम्पनी, विभिन्न व्यक्ति, सुसम्पन्न हाजिङको नाममा रहेका ५५४ रोपनी ५ आना १ पैसा जग्गा जफत हुन अख्तियारको मागदाबी छ। साथसाथै विश्वरत्न शाक्य र शेखरकुमार राणाले राधेश्याम सराफतसमेतको मिलेमतो रहेको भन्दै बिगो मागदाबी छ।

## शिक्षक फेरि...

गत चैत २० देखि २९ दिनसम्म काठमाडौं केन्द्रित शैक्षिक आन्दोलन भएपछि गत वैशाख १७ मा सरकारसँग नयाँ सहमति भएको थियो।

सहमतिअनुसार मन्त्रिपरिषद्ले नौ बुँदे निर्णय गरेको थियो भने महासंघसँग प्रमुख दलका संसदीय सचेतकहरूले असार १५ भित्र विधेयक पारित गर्ने लिखित प्रतिबद्धता गरेका थिए।

तर, उक्त निर्णय कार्यान्वयनमा नआएको र प्रतिवेदन तथा विधेयकमा शिक्षक-कर्मचारीका मुख्य सरोकार सम्बोधन नभएको महासंघको गुनासो छ।

महासंघका अनुसार अस्थायी शिक्षकको स्थायित्वका लागि ७५ प्रतिशत आन्तरिक परीक्षा दिने सहमति विपरीत प्रस्ताव ल्याइएको छ। गोल्डेन हेन्डसेकको रकम तोकिएको छैन, स्थायी शिक्षकको बढुवा र निवृत्तिभरणमा अस्थायी अवधिको गणना नहुने व्यवस्था गरिएको छ। त्यस्तै अध्यापन अनुमतिपत्र नवीकरण, विभागीय कारबाही, विद्यालय कर्मचारीको पद-वेतन, बालकक्षा शिक्षकको सुविधा, निजी विद्यालय शिक्षकको पेसागत सुरक्षा, अव्यवहारिक सरुवा प्रणाली, दरबन्दी हस्तान्तरण लगायतका महत्त्वपूर्ण विषयलाई सम्बोधन नगरिएको महासंघले जनाएको छ।

यसबाहेक, शिक्षकलाई राष्ट्रिय क्याडरबाट स्थानीय क्याडरमा रुपान्तरण गर्ने प्रावधान, आन्तरिक प्रतिस्पर्धा नहुने व्यवस्था, प्रधानाध्यापकको ट्रेड युनियन अधिकारमाथि आघात, पुनर्बहाली भएका द्वन्द्वपीडित शिक्षकको हकमा अन्याय, शिक्षण सेवामा प्रवेश उमेर ४० वर्ष कायम नगर्ने, शिक्षण परिषद् र परीक्षा बोर्डमा प्रतिनिधित्व नदिने लगायत विषय पनि विवादित बनेका छन्। महासंघले विभिन्न स्थानीय तहमा जबर्जस्ती सरुवा, निष्कासन र अनुमतिपत्र नवीकरणका नाममा शिक्षकलाई आतंकित गर्ने काम तत्काल रोक्न सरकारसँग माग गरेको छ।

## तीजलाई पशुपतिनाथमा...

पशुपति परिसरमा सशस्त्रका डीएसपीको कमाण्डमा कमाण्ड पोष्ट स्थापना गरिएको छ भने मेलाको सबै कमाण्ड नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालय काठमाडौंले गर्ने उनले बताए। उपत्यकास्थित सशस्त्र प्रहरी बलको विभिन्न युनिटबाट एक सिफ्टमा तीन सय जनाभन्दा बढी सुरक्षाकर्मी परिचालित गर्ने तालिका बनाइएको छ।

## आजको राशिफल

**मेष**
परिश्रम गर्दा पढाइमा सफलता पाइनेछ। बौद्धिक र तार्किक क्षमता बढ्नेछ। आफ्नो हैसियतअनुसार चल्ने प्रयास नगरे पछि परिनेछ।

**वृष**
आफ्ना महत्त्वाकांक्षी अहिलेका लागि योजना गोप्य राख्दा हितकर हुन्छ। सतर्क नभए कार्यक्षेत्रमा पछाडि परिएला छ। परिवारमा असमझदारी बढ्न सक्छ।

**मिथुन**
आफ्नो दुनो सोझ्याउन नाता लाउनेबाट दुरी बढाए लाभ होला। खर्च बढ्ने योग छ। उद्योग व्यापारबाट विशेष लाभ हुन सक्छ।

**कर्कट**
बोलीको प्रभाव बढ्नेछ। घरपरिवारमा रमाइलो होला। आफ्नो कला क्षमता बढाउने बेला छ। परिश्रमले मानप्रतिष्ठा बढाउनेछ।

**सिंह**
काम गरिरहेका क्षेत्रमा प्रभाव वृद्धि होला। काबु बाहिरका स्थिति पनि लाभकारी हुनेछ। असल कामले प्रतिष्ठा बढाउनेछ।

**कन्या**
मनोबल घट्न सक्छ। अग्रजका कुरा सुन्नाले फाइदा हुनेछ। खानपानमा लापरवाहीले बिरामी पर्न सकिन्छ।

**तुला**
आम्दानी वृद्धिका स्रोत भेटिने छन्। दिन सुखद रहनेछ। निर्माणसम्बन्धी काममा फाइदा हुनेछ। आफूले महत्त्व दिएका योजना पूरा हुने योग छ।

**वृश्चिक**
शुभेच्छुकले साथ दिँदा आत्मबल बढ्नेछ। नयाँ योजना बनाउन सकिनेछ। सामाजिक प्रतिष्ठामा वृद्धि हुनेछ।

**धनु**
अध्ययनमा सफलताको योग छ। कलाकारितामा प्रशंसा पाइनेछ। थालेका काममा विशेष उपलब्धि हात लाग्न सक्छ। सुझबुझले अधुरा काम पुरा हुनेछन्।

**मकर**
सकिँदैन भनेर छाडेका काममा पुनः प्रयासले सफल हुन सकिनेछ। गोपनीयता बाहिर आउदा समस्या हुन सक्छ। खर्च वृद्धि हुने योग छ।

**कुम्भ**
विवादित मामिला सुल्झिन सक्छन्। दिन सुखद् रहनेछ। हौसला वृद्धि हुनेछ। प्रतिस्पर्धीलाई पछि पारिनेछ।

**मीन**
कार्यक्षेत्रमा सम्झौता गर्ने स्थिति आउन सक्छ। नयाँ जिम्मेवारी लिँदा विचार गर्नु हितकर होला। अरुकै कामका लागि समय र श्रम खर्च हुनेछ।

## वीरगंजमा हैजा संक्रमण

# अस्पतालमा बिरामीको चाप, १०३ उपचाररत

**मुस्कान श्रेष्ठ**
**वीरगंज, भदौ ९**

पर्साको वीरगंजमा हैजा संक्रमण फैलिँदै गइरहेको छ। गत शुक्रबारदेखि आइतबारसम्म झाडापखालाका लक्षण देखिएपछि अस्पताल गएका मध्ये हालसम्म ७९ जनामा हैजा पुष्टि भइसकेको छ भने १०३ जना संक्रमित विभिन्न अस्पतालहरूमा उपचाररत छन्। वीरगंज महानगरपालिकाले संक्रमितको तथ्यांक संकलन गरिरहेको छ।

संक्रमणको सुरुवात केही वडामा सीमित भए पनि अहिले वीरगंज र आसपासका पालिकासम्म फैलिन थालेको छ। हाल वडा नम्बर ११, १२, १३ र १४ मा सबैभन्दा बढी संक्रमित भेटिएका छन्। सुरुवाती चरणमा गम्भीर अवस्थामा अस्पताल आइपुग्ने गरेका बिरामीहरू अहिले शंका लाग्नेबित्तिकै उपचारका लागि आउन थालेको नारायणी अस्पतालका सूचना अधिकारी डा. उदयनारायण सिंह बताउँछन्।

उनका अनुसार परीक्षणको दायरा बढेमा संक्रमितको संख्या अझै धेरै हुनसक्छ। 'झाडापखालाका बिरामीमध्ये धेरैलाई हैजा पुष्टि भएको छ,' उनले भने, 'सुरुमा केवल १-२ वडाका बिरामी मात्र देखिए पनि अहिले अन्य पालिकाबाट पनि बिरामी आउन थालेका छन्।'

संक्रमण नियन्त्रणमा सरकारका तीन तह जुटे हैजा नियन्त्रणका लागि तीनै तहका सरकारहरू सक्रिय बनेका छन्। आइतबार पर्सा जिल्ला संकट व्यवस्थापन समितिको बैठक बसेको थियो जसमा मधेस प्रदेशका स्वास्थ्य मन्त्री सत्रुधनप्रसाद सिंहको उपस्थितिमा ७ बुँदे निर्णय पारित गरिएको छ।



वीरगंजको नारायणी अस्पतालमा सोमबार उपचारबारे जानकारी लिँदै स्वास्थ्यमन्त्री प्रदीप पौडेल। रासस

बैठकमा सुरक्षा निकाय, स्थानीय तह, राजनीतिक दल, संचारकर्मी, संघ-संस्थाहरूको सहकार्यमा जनचेतना अभियान सञ्चालन गर्ने, आवश्यक बाहेक अस्पतालहरूले स्वास्थ्यकर्मीलाई बिदा नदिने, औषधि र परीक्षण सामग्रीको व्यवस्था स्वास्थ्य कार्यालय पर्साले गर्ने लगायत निर्णयहरू गरिएको छ।

यसै क्रममा वीरगंज महानगरपालिकाले बजारमा अव्यवस्थितरूपमा संचालन भइरहेका माछा-मासु पसलहरूको अनुगमन थालेको छ। साथै ३२ वटै वडामा नर्सिङ क्याम्पसका विद्यार्थी र स्वास्थ्य स्वयंसेवक परिचालन गरेर जनचेतना फैलाउने र नालामा कीटाणुनाशक स्प्रे छर्ने कामलाई तीव्र बनाइएको छ।

महानगर प्रमुख राजेशमान सिंहले एकद्वार प्रणालीबाट औषधि वितरण गर्नुपर्ने माग राख्दै जनस्वास्थ्य कार्यालय पर्साको वितरण प्रणालीप्रति असन्तुष्टि जनाए। 'नारायणी अस्पतालमा सबैभन्दा धेरै बिरामी छन्, तर औषधि विभिन्न ठाउँमा छरिएका छन्,' उनले भने, 'यसरी महामारी नियन्त्रण सम्भव छैन।'

**संघीय स्वास्थ्य मन्त्रीको निरीक्षण**

संघीय सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेल सोमबार वीरगंज पुगे। उनले नारायणी अस्पतालमा बिरामीसँगको संवादपछि औषधि र परीक्षण निःशुल्क उपलब्ध गराउन निर्देशन दिए।

'झाडापखाला र हैजाको उपचारका लागि आउने कुनै पनि बिरामीले जुनसुकै औषधि निःशुल्क पाउने गरी व्यवस्थापन गर्न आग्रह छ,' मन्त्री पौडेलले भने, 'विश्व स्वास्थ्य संगठनको प्रोटोकलले पुग्ने औषधि भए ठीकै हो, नत्र भने थप औषधिसमेत निःशुल्क दिनुपर्छ।'

मन्त्री पौडेलले निजी अस्पताललाई पनि हैजा संक्रमितको उपचारमा सुलभ सेवा दिन आग्रह गरे। 'निजी अस्पतालले सरकारबाट किट र औषधि लिएर बिरामीलाई सुविधा दिने हो भने सरकार त्यसका लागि तयार छ,' उनले भने, 'यो विपदको बेला हो, यसलाई कमाइ खाने भाँडो बनाउनु हुँदैन।'

उनले तीनै तहका सरकारबीच समन्वय गरी कुनै पनि हालतमा औषधि र जनशक्तिको अभाव हुन नदिने प्रतिबद्धता जनाए। बारा र रौतहटबाट चिकित्सक टोली आइरहेको जानकारी दिँदै उनले अझ थप जनशक्ति आवश्यक परे संघीय सरकारबाट तत्काल पठाउने बताए।

**छिमेकी पालिकाको कडा कदम**

वीरगंजमा हैजा फैलिन थालेपछि बाराको प्रसौनी गाउँपालिकाले आफ्ना क्षेत्रका बासिन्दालाई सचेत गराउँदै सडक छेउमा बिक्री हुने पानीपुरी, चटपटी, चाट र माछा जस्ता खाद्य वस्तुको बिक्रीमा पूर्ण प्रतिबन्ध लगाएको छ। गाउँपालिका अध्यक्ष विनोद जैसवालले आइतबार सूचना जारी गर्दै होटल तथा रेस्टुरेन्टहरूलाई स्वच्छता अपनाउन निर्देशन दिएका छन्।

**जनस्तरमा चेतना अभियान**

संक्रमण तीव्र भएपछि वीरगंज नर्सिङ क्याम्पसका विद्यार्थीहरू घरदैलो अभियानमा जुटेका छन्। नर्सिङ क्याम्पस प्रमुख डा. कल्पना पौडेलका अनुसार 'संक्रमणको विषयमा हल्ला फैलिएको छ, तर स्थिति नियन्त्रण बाहिर गएको छैन। अभिभावकहरू त्रसित छन्, त्यसैले सञ्चार माध्यमले सही सूचना दिन जरुरी छ।'

संक्रमित संख्या केही दिनयता स्थिर देखिए पनि संक्रमणको स्रोत पहिचान नभएसम्म खतरा टरेको मान्न सकिँदैन। दूषित खानेपानी र सरसफाइको कमी नै हैजाको प्रमुख कारण मानिएको छ। प्रभावित क्षेत्रको पानीको नमुना परीक्षणका लागि काठमाडौं पठाइएको छ।

स्थिति चुनौतीपूर्ण भए पनि सरकार, स्थानीय तह, स्वास्थ्य संस्था, निजी क्षेत्र, सञ्चार माध्यम र जनसमुदायको सहकार्यमा मात्र यो महामारी नियन्त्रण सम्भव देखिन्छ।

# नगर प्रमुख र अधिकृतको फोटोमा जुत्ताको माला




**बाल बिक्रम कार्की**
**रौतहट, भदौ ९**

रौतहटको फतुवा विजयपुर नगरपालिकामा जनप्रतिनिधि र कर्मचारीको कार्यशैलीविरुद्ध स्थानीयले तस्वीरमा जुत्ताको माला लगाएर विरोध गरेका छन्। सोमबार नेकपा एमालेको नेतृत्वमा नगर कार्यालयअगाडि प्रदर्शन गरिँदै कार्यवाहक नगरप्रमुख अमबेया खातुन र प्रमुख प्रशासकीय अधिकृत भरतप्रसाद यादवको तस्वीरमा जुत्ताको माला लगाइएको हो।

प्रदर्शनमा सहभागीहरूले नगरपालिकामा भ्रष्टाचार बढेको, बजेट दुरुपयोग भएको र जनताको गुनासो नसुनेको भन्दै आक्रोश पोखे। नेकपा एमाले फतुवा विजयपुर नगर कमिटीका सचिव सन्तोषकुमार साहले भने, 'नगरमा आएको बजेट कमिसनको आधारमा बाँडिन्छ, विकास देखिँदैन। हामी गुनासो लिएर पुग्दा उनीहरू कार्यालयबाट भाग्छन्।'

उनले थपे, 'हामी भ्रष्टाचारमुक्त नगरपालिका बनाउन चाहन्छौं। तर नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत जनताको हैन, आफ्नै फाइदाको लागि काम गर्छन्।' साहले यस्ता व्यवहारले स्थानीयलाई आक्रोशित बनाएको बताए।

प्रदर्शनमा एमाले नेता अनन्त पौडेलले पनि नगरपालिकाले पारदर्शिता नदेखाएको आरोप लगाए। 'नगरमा सबै काम गुपचुप हुन्छ। जनताको लागि आएको बजेट जनताकै हितमा खर्च हुनु पर्ने हो,' उनले भने।

उता, प्रमुख प्रशासकीय अधिकृत भरतप्रसाद यादवले भने प्रदर्शनको आलोचना गरे। उनले भने, 'यो एजेन्डाविहीन अराजक प्रदर्शन हो। कानूनी राज्यमा यस्तो गतिविधि स्वीकार्य छैन।' यादवले आफू कानूनी प्रक्रिया अनुसार काम गर्ने राष्ट्रसेवक भएको बताउँदै उजुरी भए सम्बन्धित निकायमा दिन सुझाव दिए।

फतुवा विजयपुर नगरपालिकाका प्रमुख गोपालप्रसाद यादव २०८० असोजमा विशेष अदालतबाट भ्रष्टाचारको मुद्दामा दोषी ठहरिएपछि निलम्बनमा परेका छन्। त्यसयता उपप्रमुख अमबेया खातुन कार्यवाहक नगरप्रमुखको जिम्मेवारीमा छिन्।

# लुम्बिनीको प्रदेश राजधानीमा जग्गा सर्तसहित फुकुवा हुने

**लुम्बिनी, भदौ ९**

लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषद्को आज बसेको बैठकले १२ निर्णय गरेको छ। मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा आज मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठकले प्रशासनिक, कानूनी, भौतिक पूर्वाधार र सामाजिक क्षेत्रका विषयबारे निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले जनाए।

राजधानी क्षेत्रभित्र राप्ती गाउँपालिका, गढवा गाउँपालिका र अर्घाखाँचीको शीतगङ्गा नगरपालिकामा रोक्का राखिएका निजी जग्गा स्थानीयको माग र पूर्वाधार विकास प्राधिकरणको सिफारिसअनुसार सर्तसहित फुकुवाका लागि संघीय सरकारसमक्ष सिफारिस गर्ने बैठकले निर्णय गरेको छ। निर्णयअनुसार राप्ती गाउँपालिकाका सम्पूर्ण वडा, गढवा गाउँपालिका-१, २ र ३ मा एक कट्ठाभन्दा कम र शीतगंगा नगरपालिका-८ र ९ मा एक रोपनीभन्दा कम क्षेत्रफलमा कित्ताकाट गर्न पाइने छैन। साथै जग्गा खरिदकर्ताले एकीकरण आयोजनाका सर्तहरू पालना गर्नेगरी सहमतिपत्रमा हस्ताक्षर गर्न'पर्ने व्यवस्था गरिएको छ। प्रदेश राजधानी घोषणाअघि २०७७ असोज १६ गते सरकारले जग्गा रोक्का राख्ने निर्णय गरेको थियो।

बैठकले तीन प्रदेश सचिवको जिम्मेवारी तोकेको छ। मोतिराम सापकोटालाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विनोद लामिछानेलाई युवा तथा खेलकुद मन्त्रालय र चुर्णबहादुर ओलीलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको जिम्मेवारी तोकिएको छ। प्रदेश निजामती सेवा पुरस्कार छनोटका लागि मापदण्ड स्वीकृत गरेको छ।

यस्तै संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन र आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासिकका लागि अस्थायी संगठन संरचना स्वीकृत गरिएको छ। बैठकले सञ्चारमाध्यमसम्बन्धी ऐन संशोधन र एकीकरण गर्न अवधारणापत्र स्वीकृत गरेको छ। त्यस्तै नुवाकोट सांस्कृतिक डबली तिनाउ गाउँपालिकालाई हस्तान्तरण गर्ने, अष्ट्रेलियाको वेन्डिगोस्थित ग्रेट स्तूप अफ युनिभर्सल कम्प्यासनसँग औपचारिक सम्बन्ध स्थापना गर्दै बुद्धको प्रतिमा स्थापना गर्ने निर्णय पनि भएको छ।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमार्फत भूमि व्यवस्थापनसम्बन्धी विधेयकको अवधारणापत्रलाई सैद्धान्तिक स्वीकृति दिइएको छ भने सामाजिक विकास मन्त्रालयमार्फत दलित समुदायको अधिकार सुनिश्चित गर्ने विधेयक प्रदेशसभामा पेस गर्ने निर्णय गरिएको छ। स्वास्थ्य मन्त्रालयका तर्फबाट प्रस्तुत गरिएको प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति नियमावली, २०८२ संशोधन मस्यौदालाई पनि मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ। *रासस*

## कैलाली कारागारमा थुनुवाको मृत्यु




कैलाली- कैलाली कारागारमा राखिएका एक थुनुवाको सोमबार दिउँसो उपचारका क्रममा मृत्यु भएको छ। टीकापुर नगरपालिका-४ निवासी ५६ वर्षीय रामकिसन चौधरीको धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा उपचारकै क्रममा निधन भएको हो।

कारागार प्रमुख प्रकाश ढुंगानाका अनुसार चौधरीले टाउको दुख्ने र रिंगटा लाग्ने गुनासो गरेपछि उनलाई तत्काल अस्पताल पठाइएको थियो। 'अस्पताल लगिएलगत्तै चिकित्सकले उनलाई मृत घोषणा गरे,' ढुंगानाले बताए, 'तर अहिले सम्म मृत्युको वास्तविक कारण खुल्न सकेको छैन।'

मृतक चौधरी जबरजस्ती करणी मुद्दामा पुर्पक्षका लागि कैलाली कारागारमा थुनामा थिए। मृत्युको कारण पत्ता लगाउन स्वास्थ्य परीक्षण र आवश्यक प्रक्रिया अगाडि बढाइएको कारागार प्रशासनले जनाएको छ।

# गोरखामा जातीय विभेदको आरोपमा युवक पक्राउ

गोरखा - गोरखा जिल्लामा जातीय विभेद गरेको आरोपमा एक युवकलाई प्रहरीले पक्राउ गरेको छ। धादिङको गजुरी गाउँपालिका-२ मलेखु निवासी २२ वर्षीय मिलन श्रेष्ठलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी नायब उपरीक्षक (डिएसपी) इन्द्रप्रसाद सुवेदीले जानकारी दिए।

श्रेष्ठले गोरखाको सहिदलखन गाउँपालिका-१ बक्राङ माइती भएकी मनिका परियारसँग विवाह गरेका थिए। गर्भवती भएपछि पत्नी दलित समुदायकी भएको भन्दै श्रेष्ठले अपमानजनक व्यवहार गर्दै विभेद गरेको आरोप लागेको छ। पीडित परियारले प्रहरीमा दर्ता गराएको जाहेरीमा श्रेष्ठले छोरोको जन्मदर्ता समेत नगरिदिएको उल्लेख छ।

जाहेरीको आधारमा जिल्ला प्रहरी कार्यालय गोरखाले श्रेष्ठलाई धादिङ प्रहरीको समन्वयमा गजुरी गाउँपालिका-६ राम्चेबाट आइतबार पक्राउ गरेको हो।

डीएसपी सुवेदीका अनुसार श्रेष्ठलाई नियन्त्रणमा लिएर जातीय विभेद तथा छुवाछुत (कसुर र सजाय) ऐनअन्तर्गत अनुसन्धान थालिएको छ।

पक्राउ परेका श्रेष्ठमाथि जिल्ला अदालत गोरखाबाट पाँच दिनको म्याद लिइ थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

जातीय विभेदजस्तो गम्भीर सामाजिक अपराधमा कारबाही अघि बढाइएको प्रहरीको भनाइ छ। रासस

# अकबरेको आम्दानीले आत्मनिर्भर

**रामचन्द्र रायमाझी**
**पाल्पा, भदौ ९**

रिब्दीकोट गाउँपालिका-२ देउरालीकी सावित्रा पौडेल यस वर्ष अकबरे खुर्सानी बेचेर पाँच लाखभन्दा बढी आम्दानी गर्ने सोचमा छिन्। वैकल्पिक खेतीका रूपमा अकबरे लगाउन थालेकी उनले भदौको पहिलो सातासम्म ३ सय केजी खुर्सानी बिक्री गरेर रु ६६ हजार आम्दानी गरिसकेकी छिन्। बाँकी खुर्सानी बिक्रीबाट ४ लाख ५० हजार जति आउने उनको अनुमान छ।

उनले पाँच रोपनी क्षेत्रफलमा अकबरे खुर्सानी लगाएकी छिन्। उनलाई श्रीमान् सन्दीप पौडेलले साथ दिँदै आएका छन्। 'श्रीमान् तीन वर्ष मलेसिया र डेढ वर्ष दुबईमा बसेर गाउँमै केही गर्नुपर्छ भनेर आउनुभयो। अहिले दुवैजना मिलेर खुर्सानी खेती गर्दै आएका छौँ,' उनले भनिन्। उनले आफूहरूलाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (जोन) मार्फत कृषि सामग्रीसँगै प्रविधि सहयोग भएको र बजारीकरणका लागि सहकारीबाट ठूलो सहयोग मिलेको बताइन्।



देउरालीकै बाबुराम अधिकारीले पनि तीन वर्षदेखि कृषि व्यवसायी गर्दै आएका छन्। उनले यस वर्ष भदौको पहिलो सातासम्ममा रु ८८ हजारको चार क्विन्टल खुर्सानी बिक्री गरिसकेका छन्। लामो समय भारत बसेर फर्किएका अधिकारीले गत वर्ष कृषि उपजबाटै रु पाँच लाख आम्दानी गर्न सफल भएका थिए। यस वर्ष खुर्सानी बिक्रीबाट रु पाँच लाख बढी आम्दानी गर्ने उनको योजना छ।

'पैसा कमाउन विदेश नै जानु पर्दैन। मैले पनि भारतमा लामो समय बिताएँ। त्यहाँ वर्षमा दुई लाख जति कमाई भए पनि खासै बचत हुँदैनथ्यो। तर अहिले घरमै बसेर वार्षिक रु चार/पाँच लाख सजिलै कमाइरहेको छु,' उनले भने। उनले अघिल्लो दुई वर्षभन्दा डेढ गुणाले भाउ आएको बताए। उनले भने, 'भाउ पहिल्यै निर्धारण भएकाले पनि बिक्री गर्न सजिलो भएको छ।'

देउरालीकै सुनिल विकले पनि तीन वर्षदेखि खुर्सानी खेती गर्दै आएका छन्। उनले गत वर्ष रु पाँच लाखको खुर्सानी बिक्री गरेको बताए। विकले यस वर्ष चार लाखको खुर्सानी बिक्री गर्ने लक्ष्य लिएका छन्। उनले अहिलेसम्म दुई लाखको खुर्सानी बिक्री गरिसकेको बताए। यस वडाका ९७ कृषकले अकबरे खुर्सानीबाट राम्रो आम्दानी गरिरहेका छन्। वडाबाट दुई महिनामा नौ लाख ८० हजार बढीको अकबरे खुर्सानी निकासी भएको छ। साउन र भदौ महिनाको पहिलो हप्तासम्ममा चार हजार ४५७ केजी अर्थात् (४४ क्विन्टल ५७ केजी) खुर्सानी निकासी भएको हो। यहाँ उत्पादित खुर्सानी देवीस्थान बहुउद्देश्यीय सहकारी संस्थाले संकलन गरी बाहिर पठाएको हो।

साउन महिनामा तीन हजार ३९० केजी र भदौ महिनाको पहिलो साता एक हजार ६७ केजी अकबरे निकासी गरिसकिएको सहकारीका व्यवस्थापक खिमबहादुर घर्तीले बताए। यो वर्ष ५०० क्विन्टल खुर्सानी निकासी गर्ने लक्ष्य रहेको उनले बताए। गत वर्ष तीन हजार ४०० किलो खुर्सानी निकासी गरिएको थियो।

किसानलाई खुर्सानीमा आत्मनिर्भर बनाई आर्थिकरूपमा सक्षम बनाउने उद्देश्यले नौ लाख ९९ हजार ७७७ रुपैयाँ अनुदान उपलब्ध गराइएको कृषि कार्यालयका प्रमुख तथा वरिष्ठ कृषि अधिकृत गणेशप्रसाद यादवले बताए। उनले भने, 'किसानलाई प्रोत्साहन गरेर सुरुआत गरेको अकबरे अहिले व्यावसायिक बनेको छ। यहाँका कृषकहरूले उत्साहजनक रूपमा खुर्सानी उत्पादन गर्दै आएका छन्।' सुरुआतका दिनमा प्राविधिक ज्ञानको अभावका कारण यहाँका कृषकले कम उत्पादन गरे पनि अहिले बेला-बेलामा प्राविधिक सरसल्लाह दिने गरेका कारण उत्पादनमा समेत वृद्धि हुँदै गएको हो।

कृषकले उत्पादन गरेको खुर्सानी यशोदा फुड कम्पनीसँग सम्झौता गरी पठाउने गरेको सहकारीका सचिव भीमलाल अधिकारीले बताए। उनले भने, 'कृषकले सहकारीसम्म कृषि उपज बोकेर ल्याउनुहुन्छ। बजारका लागि हामी तत्कालै कम्पनीमा पठाइदिहाल्छौँ। बजारको त्यस्तो कुनै समस्या छैन।' देउरालीमा मात्र २०० रोपनीमा खुर्सानीखेती हुँदै आएको छ। कृषकले अहिले प्रतिकेजी रु २२० मा सहकारीमा खुर्सानी बिक्री गर्दै आएका छन्। वडा कार्यालयले समेत कृषिलाई जोड दिँदै आएको वडाअध्यक्ष ओमप्रकाश पोखरेल बताउँछन्। उनले भने, 'हामीले यस वर्ष वडामा कृषि कार्यक्रमका लागि रु नौ लाख बजेट विनियोजन गरेका छौँ, कृषकहरूको मागका आधारमा कार्यक्रम गर्नेछौँ।'

देउरालीमा मात्रै होइन, रिब्दीकोट गाउँपालिकाका आठवटै वडाका एक हजार ५०० किसानले अकबरे खुर्सानीबाट राम्रो आम्दानी गरिरहेका छन्। विगतमा अदुवाले चर्चा पाउने रिब्दीकोटका किसानले अहिले खुर्सानीबाट मनग्य आम्दानी गरिरहेका छन्। रिब्दीकोट गाउँपालिकामा अकबरेबाट छदेखि १० करोडसम्म नगद भित्रिने गरेको बताइएको छ। कृषकलाई उचित बीउको प्रबन्ध, सिँचाइको सुविधा, प्राविधिक ज्ञान दिँदा अकबरे खेती अझ विस्तार हुने देखिन्छ। *रासस*

## सम्पादकीय

# तथ्यांक मिथ्यांकमा साबित नहोस

*विगतका वर्षको तुलनामा मुलुकको अर्थतन्त्र सुधारोन्मुख देखिएको तथ्यांक सार्वजनिक भएको छ। मुद्रास्फीति वाञ्छित सीमाभित्र रहँदा वैदेशिक रोजगारीबाट आउने विप्रेषण (रेमिट्यान्स) हालसम्मकै उच्च पुगेको बताइएको छ। यसले शोधनान्तर खाता, चालू खाता तथा विदेशी मुद्रा सञ्चितिमा उल्लेखनीय सुधार भएको राष्ट्र बैंकको तथ्यांक बताउँछ छ। यी सूचकले अर्थतन्त्रमा तत्कालका लागि सकारात्मक सन्देश दिए पनि दीर्घकालीन सुधारको लागि धेरै काम गर्नुपर्नेलाई पनि सचेत गराएको छ।*

*रोजगारीमा गएकाहरूबाट प्राप्त हुने रेमिट्यान्स पछिल्लो एक वर्षमा १९.२ प्रतिशत बढेको अवस्था छ। आर्थिक वर्ष २०८१/८२ मा १७ खर्ब २३ अर्ब २७ करोड रुपैयाँ बराबर रेमिट्यान्स भित्रियो, अघिल्लो आर्थिक वर्षको तुलनामा १९.२ प्रतिशतले अधिक। विदेशी मुद्रा सञ्चिति बढ्नु अर्थतन्त्रका लागि सामान्यतया सकारात्मक संकेत मानिन्छ। विदेशी मुद्रा सञ्चिति बढ्दा आयात क्षमता सबल हुनुका साथै विनिमय दरमा स्थिरता आउँछ। यसले दिने लाभ भनेको सरकारले ऋण तिर्ने क्षमता बढ्नुका साथै विदेशी लगानीका लागि अनुकूल वातावरण बन्छ। यसले अन्ततः देशको आर्थिक स्थायित्वमा योगदान दिन्छ भने आथिर्क वृद्धिलाई पनि मार्गप्रशस्त गर्छ। निर्यात र उत्पादन बढेर भएको हो भने अर्थतन्त्रमा दीर्घकालीन फाइदा हुन्छ। तर रेमिट्यान्स बढेर, आयात घटेर वा ऋण प्राप्तिबाट सञ्चिति वृद्धि भएको हो भने त्यो स्थायी हुँदैन। विज्ञहरूले के चेताएका छन् भने रेमिट्यान्समा आएको वृद्धिले सुधार देखिएको सूचकहरूका कारण अन्तर्राष्ट्रिय क्षेत्रमा हुने समस्याले कुनै पनि बेला धराशायी बन्ने जोखिम हुन्छ। जसले देशको अर्थतन्त्रमा पनि असन्तुलन आउने जोखिम हुन्छ। दीर्घकालीन आर्थिक स्थायित्व र आर्थिक उन्नतीका लागि रेमिट्यान्समा मात्रै निर्भर रहनु भरपर्दो हुँदैन। त्यसका लागि त उत्पादन र निर्यातमा पर्याप्त वृद्धि अपरिहार्य छ। रेमिट्यान्सले ल्याउने उत्साह दिगो हुन सक्दैन किनभने द्विपक्षीय सम्बन्ध वा कहीँ कतै युद्ध वा उथलपुथल भयो भने त्यो तत्काल धराशायी बन्नसक्छ।*

*रेमिट्यान्समा आएको वृद्धिका कारण सुधारिएका सूचकहरूबाट अर्थतन्त्रको गतिरोधको गतिलो सुधार होइन भन्ने त स्वयम् अर्थशास्त्रीहरूले पनि भनिआएको कुरा हो। 'रेमिट्यान्सले थामेको अर्थतन्त्र वनमाराझैं हो' भन्ने विज्ञका कथनले हामीलाई अब कता जाने भन्ने दिशोवोध गर्न घचघच्याएको छ। अर्थतन्त्रमा स्थायित्व आउन उत्पादन बढाइ निर्यात गर्ने परिपाटीको विकास गर्नुपर्ने उनीहरूको सुझावलाई हाम्रो राजनीतिक नेतृत्वले कसरी अघि लगाउँछ भन्ने संशय छ। किनभने २०४६ सालमा प्रजातन्त्र पुनर्वहालीपछि देशमा भएका रोजगारी दिन सक्ने केही सार्वजनिक संस्थानहरू पनि निजीकरणको नाममा बेचिए। पक्कै पनि व्यवस्थापकीय कमजोरी हाम्रो प्रशासनमा व्याप्त छ। तर त्यसरी भएका उत्पादनमुखी र प्रशस्तै रोजगारी दिनसक्ने सार्वजनिक संस्थान निजीकरण गर्नु नहुने रहेछ भन्ने सबैले महसुस गरेको अवस्था हो। ती अनुभवबाट पनि हामीले नयाँ नीति अख्तियार गर्नुपर्ने देखिन्छ। किनभने त्यो बेला साधन र स्रोतको अभाव थियो, सार्वजनिक लगानीको लागि पुँजीको अभाव थियो, शासकीय अनुभव थिएन होला। तर, आज नेपालीले प्रजातन्त्र पुनर्वहालीपछि गणतन्त्रको आगमनसम्मको तीस वर्षमा ती अभावहरूलाई पूर्ति गर्ने क्षमता हासिल गरिसकेको अवस्था छ।*

*अहिले थुप्रिएको पुँजीलाई कसैगरी लगानी गर्ने वातावरण बनाउनु अहिलेको आवश्यकता हो, नकि खुशी भएर बस्ने बेला हो। किनभने अझै पनि नेपाली युवा पुस्ता विदेशिइरहको छ, काम र अध्ययनका लागि। हामीले त्यो रोक्ने दिशातर्फ गम्भीर पहलकदमी लिन सकेका छैनौं। अहिले रेमिट्यान्स आयो भनेर खुशी भइरहँदा विदेशमा पढ्ने विद्यार्थीले मात्रै एक वर्षमा एक खर्ब ३८ अर्ब ४८ करोड रुपैयाँ बराबर खर्च गरेका तथ्यांक पनि मनन गर्नुपर्ने देखिन्छ। कुनै पनि घटनाका अनेकौं आयाम हुन्छन्, झन् आर्थिक पक्षको त धेरै देखिन र नदेखिने कारणहरू समाजमा पत्रपत्रमा बसेका हुन्छन्। यो तथ्यांकले दिएको खुशीलाई कागजी उत्साहबाट सफल रणनीतिक रूपान्तरण गर्न अब पहलकदमी लिइने छ कि छैन भन्ने प्रश्न अहम् छ। अहिले घर, परिवार, र समाजमा देखिएको उत्साहशून्य वातवरणले पनि हामीलाई शंसयमा नै राखिरहेको देखिन्छ। तसर्थ, दिगो विकासका आधारमा हामी अग्रसर छौं भन्ने भरपर्दो सूचकांक नदेखिएसम्म अस्थायी खुशीमा आनन्दित हुनु मनासिव देखिँदैन। देश अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नती हुने क्रममा रहेको अवस्थामा दिगो आर्थिक विकासका लागि आवश्यक काम हुन जरुरी छ। किनभने कहिलेकाहिँ तथ्यांक मिथ्यांक हुने नजीर पनि हामीले देखिभोगिआएको हुँदा सरकारबाट अप्रभावित टतस्थ विश्लेषणले सही मार्गनिर्देशन गर्छ। यो अस्थायी खुशीलाई स्थायी खुशी बनाउने काममा लाग्ने वातावरण बनोस्।*

## जेन कथा

### माछा पक्रने कला

महान् चिनियाँ गुरु लाओ-त्सुले एकपटक माछा पक्रन सिक्नुपर्‍यो भन्ने सोचे। उनले माछा पक्रने एउटा छडी बनाए, त्यसमा डोरी र माछालाई लोभ्याउने गँड्यौला झुण्ड्याउने अंकुसे पनि राखे। यति भएपछि उनी नदीमा माछा पक्रन बल्छी थापे।

केही समयपछि एउटा ठूलो माछा अंकुसेमा अड्कियो। लाओ-त्सु यति उत्साहमा थिए कि उनले छडीलाई पूरै शक्ति लगाएर ताने। माछाले पनि भाग्नका लागि तागत लगायो। यी दुवैको तानातानमा बल्छीको छडी भाँचियो र माछो भाग्न सफल भयो। लाओ-त्सुले अर्को छडी बनाए र पुनः माछा पक्डनका लागि नदी किनार गए। केही समयपछि त्यस्तै अर्को ठूलो माछा बल्छीमा पर्‍यो। लाओ-त्सुले यसपटक बिस्तारै छडी ताने। यति बिस्तारै ताने कि माछोले उनको बललाई जित्यो, छडी भाँच्यो र भाग्न सफल भयो।

लाओ-त्सुले पुनः तेस्रोपटक पनि छडी बनाए। त्यसैगरी खोला किनारमा पुगे। केही समयपछि माछाले चारो खान थाल्यो र बल्छीमा अल्झियो। यसपटक माछाले जति बल लगाउँछ, लाओ-त्सुले पनि उति नै बल लगाउँथे। माछा र लाओको बराबरीको द्वन्द्व भयो। तानातान गर्दा माछो गल्यो। लाओले जसै माछा गलेको थाहा पाए, उनले सहजै माछालाई बल्छीबाट बाहिर निकाले।

त्यो दिन साँझ लाओ-त्सुले आफ्ना शिष्यहरूलाई भने, 'आज मैले संसारसँग कसरी व्यवहार गर्ने भन्ने सिद्धान्त पत्ता लगाएँ। बराबर बलको प्रयोगको सिद्धान्तले जीवनमा कहिल्यै धोका खाने छैनौ। जसै संसारले तिमीलाई आफूतिर तान्छ, तिमीले त्यसबेला ठीक उत्तिकै बल प्रयोग गरेर आफूतिर तान। यदि तिमीले आफ्नो प्रचण्ड बल प्रयोग गर्‍यौ भने तिमी नष्ट हुनेछौ, अनि तिमीले क्षीण बल प्रयोग गर्‍यौ भने संसारले तिमीलाई नष्ट गर्नेछ।'

**न्यूज २४ दैनीकमा आफ्ना लेख तथा रचना प्रकाशित गर्नु परेमा artical@news24dainik.com मा पठाउन सक्नुहुनेछ।**

*–सम्पादक*

# तीज : मौलिकता जोगाउने चुनौती



news24 दैनिक

**अच्युतप्रसाद पौडेल 'चिन्तन'**

तीज, आमा दिदी बहिनीहरूको एकलौटी र मौलिक चाड। तर मौलिकता हराएको अनुभूति भइरहेछ। महिनौं अघिदेखि दर खानाले खाएको भोलिपल्ट तीज पर्ने हुँदा अहिलेको तीज साताव्यापीमात्रै होइन महिनाव्यापी भएको छ। तीज आयो, जान पनि लाग्यो। तर, विगत केही वर्षदेखि नै तीज लामो भयो भन्ने प्रश्नहरू आउन थालेका छन्। नेपाली दिदी बहिनीहरूका लागि पार्टी प्यालेस कहिलेसम्म माइती बन्छ ? कम्मर मर्काइ मर्काइ बाबु दाजुभाइकै घर आँगनीमा नाचिनुपर्ने हो, तर देश गरिबीको पीडामा छ र महिला, पुरुषहरू धेरै खाडीमा छन्। कोही युरोप, अमेरिकामा पनि छन्। यत्ति हो गाउँघर खाली छ, सहरियाहरू मन्दिर गएर दिन बिताउनुपरेको छ। काम छैन, आय आर्जन छैन। सामाजिक सञ्जालको रोजगारी छ।

बाबुको मुख हेर्ने पर्व कुशेऔंशी सकिनासाथ हिन्दु नारीहरूको एकलौटी पर्व तीज विशेषरूपमा सुरु हुनुपर्ने हो। दर, व्रत बस्ने अघिल्लो रात्रिमा खाने हो। तर धेरै समयअघिदेखि नै दर खाइयो। दर दरिलो वस्तु हो र तीजमा पर्वतराज हिमालय र मेनका पुत्री पार्वतीले शिवसँग बिहे गर्ने इच्छाले निष्ठापूर्वक हरितालिका व्रत बसेर सो उद्देश्य पूरा गर्नका लागि अघिल्लो दिन तीन अँजुली पानी पिएर दर खाएकी थिइन्। जसकारण तीज आरम्भ भयो भन्ने मानिन्छ। तर, हिजोआज त्यसको मौलिकता सकिनेगरी काम भइरहेको छ।

एकान्त स्थलमा गई शिवको प्रार्थना गरेको कारण 'सखिभिर्हरिता यस्मात् तेनेयं हरितालिका' को अर्थमा यस दिनलाई हरितालिका भनिएको कुरा भविष्य पुराणमा वर्णित छ। भाद्रशुक्ल तृतीया नै तीज वा हरितालिका हो, अन्य दिन भोजभतेरमात्र हुन्छ, आहार पनि सात्विक हुनुपर्छ, हिजोआज धेरै विकृति देखियो आहारमा पनि, यो हाम्रो संस्कृतिविरुद्ध छ।

यस पर्वभरि प्रायशः विवाहित स्त्री आफ्नो माइतीघरमा बसेर पूर्ण स्वतन्त्ररूपमा तीजपर्व मनाउने गरिनुपर्ने हो। छोरीबेटीहरूलाई तीज विशेषमा दाजुभाइहरूले माइतीमा विशेष निम्ता गर्ने चलन रहेको हो बाबुको मुख हेरेपछि तीजको निम्तो लिने हो। वर्षभरिका दुःख, कष्टलाई बिर्सेर हँसी, ठट्यौली गर्दै श्रीशिवको अनुष्ठान गर्दै मनाइने पर्व तीजमा रसिला, मीठो र व्यंग्यात्मक गीत गाउने, नृत्य गर्ने पनि चलन हो।

तीजका दिन निराहार व्रत बसी महादेवको पूजा आराधना गर्ने हो, साँझ साथीहरूसाथ बालुवाको शिवलिंग बनाई महादेव-पार्वतीको पूजा गर्ने हो। दीप, कलश, गणेश र बालुवा प्रतिमासहितको शिवलिंगमा उमामहेश्वरको पूजा गर्ने, सके षोडशोपचार विधिले, नसके यथाशक्ति यथाभक्तिले। तीजका दिन रंगीन, सौभाग्यका कपडाहरूले सजिने हो, ठाँटिएर देवस्थल शिवमन्दिरमा जाने हो। पशुपतिनाथ मन्दिर, कुम्भेश्वर, गोकर्णेश्वर त्यसैका लागि तय भएका हुन्, काठमाडौं उपत्यका बाहिर पनि यत्रतत्र मठ, मन्दिरहरू बनेका छन्। तीजको व्रतले पतिको दीर्घायु, परिवारको कल्याण र आफ्नै पनि सुख, समृद्धिको आशिष मिल्नेछ। यसको चलन आज होइन पौराणिक कालदेखि सुरु भएको हो, वीज तत्वलाई मर्न दिनुहुँदैन।

तीजको पूर्णता चौथीमा अगस्त्य र लोपामुद्रालाई अर्घ दिएर, चौथीकै दिन गणेश जयन्तीको विशेष उपासना गरेर र पञ्चमीका दिन विशेष स्नान गरी सप्तर्षिको पूजा र कथा श्रवणबाट हुन्छ। भाद्र शुक्ल चतुर्थी श्रीगणेशको धर्ती अवतरित दिन हो। सती-अरुन्धतीसहित सप्तर्षिहरू कश्यप, अत्रि, भरद्वाज, विश्वामित्र, जमदग्नि, गौतम एवं वशिष्ठ ऋषिहरूको विशेष व्रत उपासाना, दर्शन पूजन गरिने हुनाले तीज समापनको दिनलाई ऋषिपञ्चमी भनिएको हो। काठमाडौंको टेकुस्थित सप्तर्षि थानमा सो दिन पाइला राख्ने ठाउँ हुन्न, व्रतालुहरू ओइरिएरै त्यहाँ पुग्छन्, नाच, गान त भव्य नै हुन्छ।

प्रकृतिको विधान छ, नारीधर्म, रजस्वला भनौं मासिक धर्म। सिर्जनालाई निरन्तरता राख्न निश्चित विधानहरू तोकेको छ धर्मशास्त्रले र त यस्तो अधिकार केवल महिलामा मात्र छ। अघि ब्रह्महत्या दोष देवताका राजा इन्द्रबाट झिकी विभिन्न ४ स्थानहरूमा राखियो, नदीको पहिलो छाल, जमिनको अग्लो शिखर, आगोको पहिलो ज्वाला र स्त्रीको रजस्वलामा। नारी रजस्वलाका समयमा स्पर्श दोष लाग्ने भयो, पानीको पहिलो छालमा नुहाउन नहुने, अग्लो भागमा अक्सिजन नहुने, आगोको पहिलो ज्वालामा खाना पकउन नहुने कारण यसैले गर्दा हो।

रजस्वलाको समय खाद्यान्न सामग्रीहरूबाट पर रहनुपर्ने र चार दिनमा स्नान गरेपछि मासिकधर्म दोष निवारण हुने कुरा शास्त्रमा वर्णित छ। नारी रजस्वलाले रक्त शुद्धि गराउने हुन्छ, र रजस्वलाको ४ दिन पछिको जोर रात्रिको सम्भोगले पुत्र र बिजोर रात्रिले पुत्री पैदा हुन्छन्, यो क्रम १६ दिनसम्म मात्र जारी रहन्छ र सन्तानोत्पादनका लागि अर्को मासिक धर्म आवश्यक पर्छ। हिजोआज टेष्टट्यूब बेवीका लागि यो नमिल्न सक्छ।

स्त्रीहरूको रजोधर्म दोषको निवारणहेतु ऋषिपञ्चमीको व्रत र सप्तर्षिहरूको पूजा, कथा श्रवण गर्नुपर्ने हुन्छ। पूजा गर्नुअघि नदीमा गई विशेष स्नान गर्ने, वर्षभरिका अशुद्धिहरू हटाउन ३६५ वटा दतिवन लगाउने, पञ्चगव्यले स्नान गर्ने विधान छ। मन्दिर जान नसक्नेले घरमै पनि सामूहिक पूजा र कथा श्रवण गर्ने गर्छन्। नारीजातिमा प्रतिमास देखा पर्ने रजोधर्ममा ब्रह्महत्या दोष रहने र त्यसको निवृतिहेतु ऋषिहरूको दर्शन, पूजा गर्नुपर्ने हुन्छ। मानिसले ऋषिऋण चुक्ता गर्न सकेको हुँदैन, जनैपूर्णिमामा सप्तर्षि पूजा गर्छन् पुरुषहरूले र नारीहरूले तीजमा। नारीहरूको गलामा ब्रह्मसूत्र हुन्न र त्यसको विकल्प भनेको तीजको सप्तर्षि पूजा नै हो। माता अरुन्धतीले ब्रह्मसूत्र खोज्नुभएन र उहाँकै नाममा सौभाग्य अर्पण गरिन्छ, ऋषिपञ्चमीको पूजा गर्दा। ऋषिपञ्चमी व्रतीले यसदिन एकछाक खाने, नरोपीकनै उम्रने अन्न सामा, कागुनो, कन्दमूल (कर्कलो) आदिले हविष्यान्न भोजन गर्नुपर्छ। महिनावारी भएका बखत अञ्जानमा भएका त्रुटिहरूको प्रायश्चित गर्ने एकमात्र सरल उपाय हो यो। यसले तेज वृद्धि हुने, दीर्घायु, निरोगी र पूर्ण सौभाग्यवती गराउँछ।



**आजको दिनमा तीजलाई भड्किलो बनाइएको छ। मौलिकता हराउँदै जान लागेको चिन्ता छ। चाडबाडको दिन आफन्तजनसँग खुसी साटासाट गर्नु स्वाभाविक हो। परन्तु संस्कृति, संस्कारविपरीत आर्थिकरूपमा ढाडै सेकिने प्रवृत्तिमा लाग्नु राम्रो हुन्न। धर्म, संस्कृति प्रदर्शन होइन, जीवनदर्शन हो।**

आजको दिनमा तीज आफैं भड्किलो भएको होइन, बनाइएको हो। हाम्रा दिदी बहिनीहरू हुने खानेमात्र होइन हुँदा खाने पनि छन्, सुनको भाउ के छ ? कपडाको भाउ के छ सबै हेर्नु जरुरी छ। भड्किलो हुँदा समाजलाई नै असहज हुन्छ। मौलिकपना हराउँदै जान लागेकोमा धर्म संस्कृति र संस्कारविद्हरू चिन्ता प्रकट गर्दैछन्। एक, दुई महिनाअघिदेखि भड्किलो रूपमा दर खाने चलन चल्यो। चाडबाडको दिन आफु खुसी गर्नु स्वाभाविक हुन सक्छ, परन्तु आफ्नो धर्म, संस्कृति, संस्कारविपरीत आर्थिकरूपमा ढाडै सेक्नु राम्रो हुन्न।

कतिपय स्थानीय प्रशासनहरूले सूचना जारी गरेरै यस्ता कार्यमा ध्यानाकर्षण पनि गराएका छन् तर पालन भएको छैन। गीतका उच्च स्वरले ध्वनि प्रदूषण हुन्छ, खानपानमा ध्यान नदिँदा रोग लाग्छ। जुन दिनमा हो त्यस दिनका लागि हो मनोरञ्जन वा अन्य कार्यहरू। धर्म, संस्कृति प्रदर्शन होइन नितान्त दर्शन हो त्यो पनि जीवनदर्शन। गरगहना, कपडा, भड्किला खानपीन, लामो समयसम्मको नाचगान आदि अनुत्पादक कार्यहरूले तीज जस्ता चाडबाडहरूमाथि प्रश्न उठ्न थालेको छ, समयमै सोच्नुपर्ला।

# पाकिस्तानको बाढीले दिएको संकेत

पाकिस्तानको खैबर पख्तुनख्वाको गाउँमा गएको बाढीको दृश्यले हृदयविदारक बनाएको छ। गाउँलेहरूले हिलोमा लत्पतिएका दुई बालबालिकाको शव भग्नावशेषमुनिबाट निकालिरहेको दृश्य हेरिरहेको भीड शान्त देखिन्थ्यो, तर भित्रभित्रै क्रोधित पनि। बाढीले घरहरू बगाएर दर्जनौं परिवारलाई बेघर बनाएपछि मानिसहरू आफैं उद्धार र शव व्यवस्थापनमा जुट्न बाध्य भएका थिए। विरहको आँसु वा विषादको स्वरभन्दा चर्को गाउँलेहरूका मुहारमा राज्यप्रतिको असन्तोष झल्किएको थियो।

'सरकारले हामीलाई किन समयमै जानकारी दिएन ?' उनीहरूको साझा प्रश्न थियो। आपत्कालीन टोली र सेनाका जवानहरू उपस्थित भए पनि आवश्यक उपकरण गाउँसम्म पुर्‍याउन सकेनन्। उत्खननकर्ताजस्ता साधन केही सय मिटर टाढा अड्किएका थिए, किनकि बाढीले बाटो अवरुद्ध बनाइदिएको थियो। मरदान जिल्लाका आयुक्तका अनुसार एम्बुलेन्स, औषधी र उपकरण बाटोमा थिए, तर पानीको मात्रा यति बढी थियो कि ती गाउँसम्म आइपुग्न सकेनन्। परिणामस्वरूप गाउँलेहरू आफ्नै हात र साधारण उपकरणका भरमा भग्नावशेष हटाउँदै थिए।

यस्ता घटना पाकिस्तानमा नयाँ होइनन्। यसै वर्षको मनसुनमा मात्रै करिब ८०० जनाको ज्यान गइसकेको छ। सन् २०२२ मा भने यो संख्या १,७०० नाघ्यो। यो विपद्ले करिब १५ अर्ब डलर बराबरको क्षति पुर्‍यायो र पुनर्निर्माणका लागि झन्डै १६ अर्ब डलर आवश्यक पर्ने देखियो। पाकिस्तानले बारबार भइरहेको यस्ता विपत्तिबाट आफूलाई किन जोगाउन सकिरहेको छैन भन्ने प्रश्न उठेको छ।



पाकिस्तानको भूगोल र जलवायु अवस्था उच्च जोखिमयुक्त छ। भारी वर्षासँगै चरम तापक्रम, खडेरी र हिमनदीहरू पग्लिँदै जाँदा थप खतराहरू निम्त्याएका छन्। हिमनदी पग्लँदा आकस्मिक तालहरू बन्ने र फुट्ने जोखिम झनै खतरनाक छ। मौसमविद्हरूले के चेतावनी दिएका छन् भने आगामी दशकमा मनसुनी वर्षा अझै बढ्नेछ। तर विडम्बना के छ भने पाकिस्तानले विश्वव्यापी हरितगृह ग्याँस उत्सर्जनमा १ प्रतिशतभन्दा कममात्र योगदान गरेको छ। यसले 'अन्तर्राष्ट्रिय पाप' को मूल्य तिरेजस्तै महसुस भइरहेको छ।

राजनीतिक नेतृत्वदेखि वैज्ञानिकसम्मको साझा बुझाइ के छ भने विश्वसामु जिम्मेवार नभए पनि पाकिस्तानले सबभन्दा ठूलो मूल्य चुकाइरहेको छ। अर्कातर्फ आन्तरिक शासन र बजेटको प्राथमिकताले पनि अवस्थालाई बिगारेको छ। हालैको संघीय बजेटमा जलवायु परिवर्तन मन्त्रालयको बजेट घटाएर करिब १० मिलियन डलरमा झारिएको छ। जबकि, रक्षा बजेट ९ विलियन डलरभन्दा बढी पुर्‍याइएको छ। कानून कार्यान्वयनको कमजोरीले पनि विपत्तिलाई गहिरो बनाएको छ। नदी किनारमा बसोबास निषेध गर्ने कानूनी व्यवस्था भए पनि समुदायहरू दशकौंदेखि त्यहीं बस्दै आएका छन्। उचित वैकल्पिक आवास नदिईकन तिनीहरूलाई सार्न सम्भव छैन। कराँचीजस्ता ठूला शहरहरूमा समेत भवन ऐनको उल्लंघन र कमजोर ढल प्रणालीका कारण बाढीले ठूलो क्षति पुर्‍याइरहेको छ। कराँचीमा हालैको बाढीले शहरलाई पूर्णतः अव्यवस्थित बनायो र अधिकारीहरूलाई सार्वजनिक बिदा दिन बाध्य बनायो।

विपद् व्यवस्थापन प्राधिकरणले मनसुनका क्रममा हुने मृत्युमध्ये करिब ३० प्रतिशत घर भत्किँदा हुन्छ। तर अवैध निर्माण, भौतिक पूर्वाधारमा कमजोरी र कानूनी प्रावधान कार्यान्वयन गर्न देखिएको असमर्थताले समस्या झन् जटिल बनाएको छ। केही प्रान्तीय अधिकारीहरूले नयाँ दण्डात्मक कानूनी प्रावधान ल्याउने तयारी गरिरहेका छन्, तर त्यसका लागि राजनीतिक उथलपुथल र अदालती चुनौती पनि झेल्नुपर्ने हुनसक्छ।

अन्तर्राष्ट्रिय स्तरमा भने पाकिस्तान निरन्तर सहयोगको खोजीमा छ। संघर्षरत अर्थतन्त्रका कारण यो देश अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक र संयुक्त राष्ट्र संघका कोषहरूमा निर्भर रहँदै आएको छ। २०२२ को विनाशकारी बाढीपछि कोप २७ सम्मेलनमा हानि तथा नोक्सानी स्थापनाको माग सफल भएको थियो, जसलाई पाकिस्तानले ऐतिहासिक उपलब्धि मानेको छ। यद्यपि, वास्तविक सहयोग कति प्रभावकारीरूपमा कार्यान्वयन हुन्छ भन्ने प्रश्न अझै बाँकी छ।

स्थानीय स्तरमा राष्ट्रिय अनुकूलन योजनाहरू सुरु गरिएका छन्। तर, यी योजना कत्तिको व्यावहारिक हुन्छन् भन्ने कुरा अनिश्चित छ। किनभने राजनीतिक अस्थिरता र स्रोतको अभावले योजनालाई प्रभावकारीरूपमा अघि बढ्न गाह्रो बनाउँछ। जलवायु विज्ञ यास्मीन लारी भन्छिन्, 'गरिबी नै सबैभन्दा ठूलो समस्या हो।' पर्याप्त वित्तीय स्रोतबिना सुरक्षित आवास, आधुनिक चेतावनी प्रणाली वा लचिलो पूर्वाधार निर्माण सम्भव छैन। उनको तर्क छ, केन्द्रबाट निसृत हुने सरकारी निर्भरताभन्दा तल्लो तहमा शिक्षा, सीप र दिगो जीविकोपार्जनका माध्यम खोज्नु आवश्यक छ।

स्वाबी जिल्लामा उद्धारस्थल नजिकै मृतकहरूको अन्त्येष्टि भइरहेको थियो। गाउँलेहरूले अझै पनि पानी परिरहने हो कि भनेर सम्भावित विपत्तिको डर मानिरहेका छन्। त्यही माहोलका बीच अन्त्येष्टि कार्यक्रम भइरहेका थिए। पाकिस्तानका लागि यो प्राकृतिक प्रकोपको कथामात्र होइन। राजनीतिक प्राथमिकता, शासकीय कमजोरी र अन्तर्राष्ट्रिय अन्यायको संयुक्त त्रासदी हो।

***बीबीसी***

## ५४ वर्षपछि बोल्यो बंगलादेश

# '१९७१ को नरसंहारबारे पाकिस्तानले माफी माग्नुपर्छ'

**एजेन्सी, भदौ ९**

पाँच दशकअघिको एउटा पीडादायक इतिहास आज फेरि बंगलादेश-पाकिस्तान कूटनीतिक सम्बन्धको केन्द्रबिन्दुमा उभिएको छ। सन् १९७१ मा भएको बंगलादेशको स्वतन्त्रता युद्धका क्रममा पाकिस्तानले गरेको व्यापक हिंसा, हत्या र मानवअधिकार उल्लंघनका लागि बंगलादेशले फेरि एकपटक पाकिस्तानसँग औपचारिक माफी माग्न अनुरोध गरेको छ। ढाकामा पाकिस्तानका विदेशमन्त्री इशाक डारको हालको भ्रमणलाई यो संवेदनशील मुद्दा पुनः उठाउने अवसरका रूपमा बंगलादेशले उपयोग गरेको हो।

सन् १९७१ को युद्ध बंगलादेशको पाकिस्तानबाट स्वतन्त्रता प्राप्त गर्ने संघर्ष थियो। युद्धको क्रममा पाकिस्तान सेनाले बंगलादेशका नागरिकहरूलाई व्यापकरूपमा हत्या गरेको, महिलाहरूलाई बलात्कार गरेको, बौद्धिक वर्गलाई लक्षित गरी हत्या गरिएको तथा लाखौं मानिसलाई शरणार्थी बनाएको इतिहासमा स्पष्ट उल्लेख छ। विभिन्न अन्तर्राष्ट्रिय स्रोतअनुसार करीब ३० लाख मानिस मारिए। लाखौं महिला बलात्कृत भए र करीब एक करोड मानिस भारततर्फ विस्थापित हुन बाध्य भएका थिए। यसै कारण बंगलादेश सन् १९७१ को घटनालाई 'नरसंहार'का रूपमा स्मरण गर्छ र पाकिस्तानबाट न्यायको अपेक्षा राख्दै आएको छ।



**सन् १९७१ को युद्ध र नरसंहार : के भएको थियो ?**

सन् १९७१ मा भएको बंगलादेशको स्वतन्त्रता आन्दोलन र युद्ध दक्षिण एसियाको इतिहासको सबैभन्दा पीडादायक र हिंसात्मक अध्यायमध्ये एक हो। त्यसबेला बंगलादेश (त्यतिखेर पूर्वी पाकिस्तान) पाकिस्तानको एक भाग भए पनि भाषा, संस्कृति, आर्थिक स्रोत र राजनीतिक अधिकारका हिसाबले सधैं उपेक्षित थियो। सन् १९७० मा भएको आमनिर्वाचनमा पूर्वी पाकिस्तानका नेताहरूले बहुमत प्राप्त गर्दा पनि सत्ता नदिइएपछि स्वतन्त्रताको आन्दोलन चर्कियो। आन्दोलन दबाउन पाकिस्तान सरकारले मार्च २५, १९७१ मा 'अप्रेसन सर्चलाइट' नामक सैन्य कारबाही सुरु गर्‍यो। उक्त कारबाहीमा ढाकालगायतका शहरहरूमा व्यापक हत्याकाण्ड, बलात्कार र दमन गरियो।

पाकिस्तानी सेनाले विश्वविद्यालयका विद्यार्थी, प्राध्यापक, बौद्धिकवर्ग, पत्रकार, अल्पसंख्यक समुदाय र सामान्य नागरिकहरूलाई लक्षित गरी नरसंहार गर्‍यो। करिब ३० लाख मानिस मारिए। दुई लाखभन्दा बढी महिला बलात्कारमा परे र एक करोडभन्दा बढी नागरिक भारततर्फ शरणार्थी बने। अत्याचार यति भयावह थियो कि हजारौं परिवार सधैंका लागि विस्थापित भए। भारतले यस युद्धमा मानवीयता आधार देखाएर बंगलादेशलाई समर्थन गर्दै पाकिस्तानविरुद्ध सैन्य हस्तक्षेप गर्‍यो। सन् १९७१ डिसेम्बर १६ मा ९३ हजार पाकिस्तानी सैनिकले आत्मसमर्पण गरेपछि बंगलादेश स्वतन्त्र राष्ट्रका रूपमा स्थापित भयो।

यो युद्धले नयाँ राष्ट्र जन्माउने काममात्र गरेन, यहाँका नागरिकहरूमा मानवताको गहिरो चोट पनि थपेको थियो। युद्धपछिका वर्षहरूमा बंगलादेशले केही युद्ध अपराधीहरूलाई न्यायको दायरामा पनि ल्याए पनि पाकिस्तानले अहिलेसम्म आधिकारिक रूपमा युद्धका क्रममा गरिएका अत्याचारका लागि माफी मागेको छैन। यसकारण अहिले पनि दुई देशबीचको सम्बन्धमा अविश्वासको कारण बनेको छ। बंगलादेशले बारम्बार औपचारिक माफी माग्न आग्रह गर्दै आएको छ किनभने सन् १९७१ को युद्ध केवल भूगोलको विभाजन नभई त्यो आत्मसम्मान, इतिहास र मानव अधिकारको संघर्ष भएको उसको दावी रहँदै आएको छ।

**माफीको मुद्दा किन महत्त्वपूर्ण छ ?**

बंगलादेशको संविधान, इतिहास शिक्षाविद् तथा नागरिक समाज सधैं यथोचित ऐतिहासिक न्यायको पक्षमा रहेका छन्। यद्यपि पाकिस्तानका केही नेताहरूले विगतमा 'दुःख व्यक्त' गरेका थिए, तर 'औपचारिक र स्पष्ट माफी' कहिल्यै मागिएको छैन।

सन् १९७४ मा भएको द्विपक्षीय वार्तामा पाकिस्तानले एकप्रकारको राजनैतिक समझदारी देखाएको भए पनि त्यसमा माफी भन्ने स्पष्ट उल्लेख थिएन। सन् २००२ मा तत्कालीन राष्ट्रपति परवेज मुशर्रफ ढाका आएर 'दुःख प्रकट' त गरे तर त्यो औपचारिक माफीका रूपमा स्वीकार गरिएको थिएन।

आज पनि बंगलादेश सरकार र जनताले पाकिस्तानसँग 'औपचारिक कूटनीतिक माफी'को अपेक्षा राखेका छन्। यो माफीनामा बंगलादेशले राष्ट्रिय सम्मान र ऐतिहासिक न्यायसँग जोड्ने गरेको छ।

**डारको भ्रमण र द्विपक्षीय सहकार्यका नयाँ प्रयास**

सन् २०१२ पछि पहिलोपटक पाकिस्तानी विदेशमन्त्री इशाक डार २ दिने भ्रमणमा अगस्ट २३ मा ढाका पुगेका थिए। यसपटक डारको भ्रमणले ऐतिहासिक मुद्दाहरू पुनः सतहमा ल्याएको छ। सन् २०१२ पछि यो पहिलोपटक पाकिस्तानी विदेशमन्त्रीको औपचारिक भ्रमण हो। यसपटकको भ्रमणको पछाडि कूटनीतिक आवश्यकता पनि छ। बंगलादेशमा शेख हसिना सत्ताबाट बाहिरिएपछि उत्पन्न राजनीतिक अस्थिरताको बेला पाकिस्तानले सम्बन्ध पुनः न्यानो बनाउन खोजेको विश्लेषणकर्ताहरूको भनाइ छ।

बंगलादेशका विदेश मामिला सल्लाहकार मोहम्मद तौहिद हुसैनसँगको भेटमा पाकिस्तानसँग १९७१ को नरसंहारबारे माफी माग्नुपर्ने, स्वतन्त्रता पूर्वको सम्पत्ति बाँडफाँट, १९७० को चक्रवात पीडितका लागि सहायता हस्तान्तरण तथा पाकिस्तानमा अड्किएका बंगलादेशीहरूको फिर्ती जस्ता मुद्दा उठाइएको थियो।

बंगलादेशको भनाइ छ- यी मुद्दाको समाधान नगरी दुई देशबीचको सम्बन्ध पूर्णरूपमा सुधार गर्न सकिँदैन। तौहिद हुसैनले भनका छन्, 'पचास वर्ष पुराना समस्या एकैदिन समाधान हुँदैनन् तर यी विषयमा खुला रूपमा छलफल गर्नु नै पहिलो कदम हो।' पाकिस्तानका विदेशमन्त्री डारले भने, 'यी मुद्दाहरू विगतमा दुईपटक समाधान भइसकेका छन्। पहिलोपटक सन् १९७४ मा र दोस्रोपटक सन् २००० मा।' बंगलादेशको धारणा अनुसार ती समाधानहरू औपचारिक र सन्तोषजनक थिएनन्।

यस भ्रमणको क्रममा बंगलादेश र पाकिस्तानबीच द्विपक्षीय सम्झौता र पाँच वटा समझदारीपत्रमा हस्ताक्षर भएका छन्। सम्झौतामा सरकारी र कूटनीतिक पासपोर्टवाहकहरूका लागि भिसा छुट, व्यापार प्रवर्द्धनका लागि संयुक्त कार्य समूह गठन, सांस्कृतिक आदानप्रदान, विदेश सेवा तालिम संस्थानबीच सहकार्य र राज्य सञ्चालित समाचार एजेन्सीहरूबीच सहकार्य समावेश छन्।

डारले बंगलादेशका अन्तरिम सरकार प्रमुख मोहम्मद युनुससँग पनि भेट गरे। युनुसले सार्क संगठनलाई पुनः सक्रिय बनाउनुपर्नेमा जोड दिए। उनले भने, 'सार्कलाई पुनः जीवन्त बनाउने क्रममा पाकिस्तानसहित सबै राष्ट्रसँग सहकार्य गर्न बंगलादेश तयार छ।' उनले १९७१ को युद्धसँग जोडिएका संवेदनशील मुद्दा बाँकी रहेको स्वीकार गर्दै सांस्कृतिक सहकार्यलाई अगाडि बढाउनुपर्ने बताए। 'पाकिस्तानी गायकहरूले बंगलादेशमा प्रस्तुति दिँदा जनताले उनीहरूलाई निकै रुचाउँछन्। यस्ता भावनाद्वारा पनि सम्बन्ध सुधार गर्न सकिन्छ,' उनले भने।

डारले पनि आफ्नो देशको तर्फबाट सम्बन्ध सुधारको चाहना व्यक्त गरे। उनले भने, 'पाकिस्तान र बंगलादेशका अर्थतन्त्र एकअर्काका पूरक छन्, हामीसँग सहकार्यको ठूलो सम्भावना छ।'

भ्रमणका क्रममा उनले बंगलादेशकी पूर्वप्रधानमन्त्री खालिदा जिया, जमात-ए-इस्लामीका नेताहरू, तथा एनसीपी (विद्यार्थी आन्दोलन)का प्रतिनिधिसँग पनि भेट गरेका थिए। यही विद्यार्थी आन्दोलनको कारण शेख हसिना सरकार अपदस्थ भएकी थिइन्।

भेटका क्रममा दुवै देशबीच व्यापार, शिक्षा, युवा कार्यक्रम, तथा सिपिङ र हवाई मार्गमार्फत सम्पर्क विस्तारको विषयमा पनि छलफल भएको थियो। फ्लाई जिन्नाह एयरलाइन्सले अक्टोबरदेखि ढाका र कराँचीबीच सिधा उडान सुरु गर्ने अपेक्षा गरिएको छ भने पाकिस्तान इन्टरनेसनल एयरलाइन्सको सेवा पुनः सुरु गर्ने विषयमा पनि छलफल भएको छ।

सन् १९७१ को मुद्दा यसअघि पनि उठाइएको हो। गत अप्रिलमा १५ वर्षपछि आयोजित विदेश सचिवस्तरीय वार्तामा पनि बंगलादेशले पाकिस्तानसँग ऐतिहासिक विषयहरू समाधान गर्न आग्रह गरेको थियो। तर अहिलेसम्म पाकिस्तानले स्पष्ट रूपमा माफी मागेको छैन। यो भ्रमणले दुई देशबीच संवादको ढोका खुलेको संकेत त दिएको छ। यसैक्रममा सम्बन्धमा नयाँ मोड ल्याउनका लागि पाकिस्तानले विगतका घटनाप्रति स्पष्ट, जिम्मेवार र इमानदार दृष्टिकोण देखाउनुपर्ने बंगलादेशले स्पष्ट सन्देश दिएको छ।

# यमनमाथि इजरायलको हवाई आक्रमण जारी, ६ को मृत्यु ८६ घाइते



**एजेन्सी, भदौ ९**

आइतबार इजरायलले यमनको राजधानी सनामाथि भीषण हवाई आक्रमण गरेको छ। आक्रमणमा कम्तिमा चारजनाको मृत्यु भएको छ। ६७ जना घाइते भएका छन्।

स्थानीय सञ्चार माध्यमले जनाए अनुसार यो आक्रमण इरान समर्थित हूथी विद्रोहीहरूलाई निशाना बनाएर गरिएको हो। हूथी विद्रोहीहरूले इजरायलतर्फ क्लस्टर बम प्रहार गरेको केही दिनपछि पुनः यो आक्रमण भएको हो। आक्रमणमा इजरायलका १० भन्दा बढी फाइटर जहाज प्रयोग भएको इजरायली सेनाले जनाएको छ।

यो सिलसिला बढेमा इजरायल, इरान र यमनबीचको तनावले समग्र मध्य-पूर्वको राजनीतिमा तनाव सिर्जना गर्ने विज्ञहरूले बताएका छन्।

यस आक्रमणप्रति तीव्र प्रतिक्रिया जनाउँदै हुथी समूहले यसलाई 'क्रूर आक्रमण' र 'जघन्य अपराध'को संज्ञा दिँदै इजरायल र अमेरिका दुवैलाई दोषी ठहर गरेको छ। समूहले आक्रमणको बदला लिने चेतावनीसमेत दिएको छ। हालै मात्र हुथीहरूले इजरायली सहर तेल अभिवमा हाइपरसोनिक ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेका थिए, जसले केही घरमा क्षति पुर्‍याएको थियो, यद्यपि मानवीय क्षति भने भएको थिएन।

इजरायली वायुसेनाका एक अधिकारीका अनुसार शुक्रबार राति यमनबाट इजरायलतर्फ प्रहार गरिएको मिसाइल क्लस्टर म्युनिसन (क्लस्टर बम) थियो। यो बम सामान्य रकेटजस्तो नभई हावामा फुटेर धेरै साना विस्फोटमा परिणत हुन्छ। यो विस्फोट भएपछि यसलाई रोक्न निकै कठिन हुन्छ।

हूथी विद्रोहीहरूले पहिलोपटक क्लस्टर बम प्रयोग गरेका हुन्। अधिकारीले यो प्रविधिमा इरानको प्रत्यक्ष सहयोग रहेको संकेत गरे। हूथी विद्रोहीहरूले लामो समयदेखि इजरायलतर्फ ड्रोन र मिसाइल प्रहार गर्दै आएका छन्। उनीहरूले लाल सागरमा जहाजहरूमाथि पनि आक्रमण गरेका छन्। उनीहरूले यो सबै प्यालेस्टाइनीहरूको समर्थनमा, विशेष गरी गाजा क्षेत्रमा युद्ध सुरु भएदेखि गरिरहेको इजरायलको दाबी छ। इजरायलको वायु रक्षा प्रणालीले अधिकांश मिसाइल र ड्रोनलाई बीचमै नष्ट गर्छ। तर, क्लस्टर बमले नयाँ चुनौती खडा गरेको छ।

हूथी विद्रोहीहरूको नियन्त्रणमा रहेको अल-मसीरा टिभी च्यानलले जनाएअनुसार, आइतबारको हवाई आक्रमण १७ अगस्टपछि पहिलो ठूलो हमला थियो।

# हिजबुल्लाहलाई निःशस्त्र बनाउने निर्णयको नेतान्याहुद्वारा स्वागत

**एजेन्सी, भदौ ९**

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले लेबनानी मन्त्रिपरिषद्को हिजबुल्लाहलाई सन् २०२५ को अन्त्यसम्म निःशस्त्र बनाउने निर्णयको स्वागत गरेका छन्। उनले लेबनानले आवश्यक कदम चालेमा इजरायल पनि पारस्परिक रूपमा प्रतिक्रिया दिने र दक्षिणी लेबनानमा रहेको आफ्ना सैन्य उपस्थिति चरणबद्ध रूपमा फिर्ता लिने बताएका छन्।

अमेरिकाको मध्यस्थतामा भएको युद्धविरामपछि सन् २०२३ नोभेम्बरमा इजरायल-हिजबुल्लाह युद्ध अन्त्य भएयता लेबनानी भूमिमा भएका हवाई आक्रमणहरूले सयौंको ज्यान लिएको छ। जसमा अधिकांश हिजबुल्लाहका सदस्य रहेको बताइएको छ। हिजबुल्लाहले आफ्नो निःशस्त्रीकरणबारे छलफल गर्न इजरायलले पाँच पहाडी क्षेत्र छाड्नुपर्ने र दैनिक हवाई आक्रमणहरू रोक्नुपर्ने सर्त राख्दै आएको छ।



१४ महिनासम्म चलेको युद्धपछि राजनीतिक तथा सैन्य नेतृत्वमा ठूलो क्षति बेहोरेको लेबनानमा हिजबुल्लाहलाई निःशस्त्र बनाउन अमेरिकाको तीव्र दबाब परेको बताइएको छ। हिजबुल्लाह नेतृत्वले भने आफूहरू निःशस्त्र नहुने अडान दोहोर्‍याएको छ। समूहले सरकारको निर्णय इजरायलको हितमा गरिएको भन्दै आलोचना गरेको छ।

इजरायलले हिजबुल्लाहमाथि सैन्य क्षमता पुनर्निर्माणको आरोप लगाउँदै आएको छ। उसले लेबनानका पाँच स्थानमा सेना तैनाथ राखी उत्तरी इजरायलका नागरिकहरूलाई सुरक्षा दिइरहेको बताएको छ। युद्धका क्रममा करिब ६० हजार इजरायली विस्थापित भएका थिए।

युद्धविरामपछि हिजबुल्लाहले अधिकांश लडाकु र हतियार लिटानी नदीको दक्षिण क्षेत्रबाट हटाइसकेको छ। तर युद्धविराम सम्झौताले लिटानीको उत्तरमा रहेको हिजबुल्लाह संरचनाबारे स्पष्ट नीति नदिएको जनाइएको छ। लेबनानी अधिकारीहरूले भने अनधिकृत संरचना हटाउने कार्य दक्षिणबाट सुरु गर्नुपर्ने बताएका छन्।

इजरायल-हिजबुल्लाह युद्ध हमासले सन् २०२३ अक्टोबर ७ मा इजरायलमाथि गाजाबाट गरेको आक्रमणको भोलिपल्ट सुरु भएको थियो। सो संघर्षमा चार हजारभन्दा बढीको मृत्यु हुनुका साथै झन्डै ११ अर्ब अमेरिकी डलर बराबरको क्षति भएको थियो।

## गाजाको अस्पतालमा आक्रमण

# पाँच पत्रकारसहित २० जनाको मृत्यु

**एजेन्सी, भदौ ९**

गाजाको दक्षिणी शहर खान युनिसस्थित नासेर अस्पतालमा सोमबार भएको इजरायली आक्रमणमा पाँच पत्रकारसहित कम्तीमा २० जनाको मृत्यु छ। नागरिक सुरक्षा प्रवक्ता महमुद बसालका अनुसार आक्रमण एक विस्फोटक ड्रोनमार्फत अस्पतालको भवनलाई लक्षित गरी गरिएको थियो।

इजरायली सेनाले आक्रमणको पुष्टि गर्दै अस्पताल क्षेत्रमै हमला गरिएको स्वीकार गरेको छ र घटनाबारे छानबिन सुरु गरिएको जनाएको छ। सेनाले पत्रकार वा अन्य गैरलडाकूहरूलाई लक्षित नगरेको दाबी गर्दै क्षतिको लागि दुःख व्यक्त गरेको छ। तर सञ्चारमाध्यम र पत्रकार संगठनहरूले घटनालाई 'योजनाबद्ध हमला' को रूपमा चित्रित गरेका छन्।

अल जजिरा नेटवर्कले आफ्ना फोटो पत्रकार मोहम्मद सलामाको मृत्यु भएको पुष्टि गर्दै घटनाको कडा शब्दमा निन्दा गरेको छ। एसोसिएटेड प्रेसले पनि आफ्नी पूर्व फोटो पत्रकार मरियम डग्गाको मृत्युमा दुख जनाएको छ भने रोयटर्सले संवाददाता हुसाम अल-मसरीको मृत्यु र हातेम खालिदको घाइते भएको जानकारी दिएको छ।

प्यालेस्टिनी जोर्नालिस्ट सिन्डिकेटका अनुसार घटनामा मृत्यु भएका अन्य दुई पत्रकार मोअज अबु ताहा र अहमद अबु अजीज रहेका छन्। गाजामा सञ्चारमाध्यममाथि लगाइएको प्रतिबन्ध र युद्ध परिस्थितिका कारण स्वतन्त्र पुष्टि कठिन भएको एएफपीले जनाएको छ। युद्ध सुरु भएयता गाजामा करिब २०० भन्दा बढी पत्रकारले ज्यान गुमाइसकेका छन्। इजरायल-हिजबुल्लाह संघर्षमा चार हजारभन्दा बढीको मृत्यु हुनुका साथै झन्डै ११ अर्ब अमेरिकी डलर बराबरको क्षति भएको थियो।

# ३१ लाख वर्ष पुराना लुसी र सेलाम पहिलोपटक युरोपमा

**एजेन्सी, भदौ ९**

मानव जातिको उत्पत्तिबारेको हाम्रो बुझाइलाई अझ गहन बनाउने दुई अद्वितीय जीवाश्म (लुसी र सेलाम) लाई पहिलोपटक युरोपमा प्रदर्शन गरिएको छ। यी ३१ लाख वर्ष पुराना अवशेषहरू चेक गणतन्त्रको राजधानी प्रागस्थित चेक राष्ट्रिय संग्रहालयमा ६० दिनका लागि प्रदर्शनमा राखिँदै छन्। यसबाट केवल वैज्ञानिक वृत्तमै नभई आम नागरिकमाझ पनि उत्साह र चासोको लहर सिर्जना गरेको छ।

**क्रान्तिकारी खोज : लुसी र सेलाम**


सन् १९७४ मा इथियोपियाको अफार क्षेत्रबाट डोनाल्ड जोहानसनको नेतृत्वमा फेला परेकी लुसी मानव पुर्खाको इतिहासमा क्रान्तिकारी मोड ल्याउने अवशेष बनिन्। अस्ट्रेलोपिथेकस अफारेन्सिस प्रजातिकी लुसी करिब ३१ लाख ८० हजार वर्षअघि यो पृथ्वीमा विचरण गरिरहेकी थिइन्। उनी तीन फिट सात इन्च अग्ली र २९ किलोग्राम तौलकी थिइन्। लुसीको हड्डी संरचनाले उनी दुई खुट्टामा हिँड्ने क्षमता भएको पुष्टि गरेको छ। यो पुष्टि मानवीय विशेषता विकासको एउटा निर्णायक पाइला हो।

उनको जीवाश्म पत्ता लगाउने टोलीले सुन्दै गरेको बिटल्सको प्रसिद्ध 'लुसी इन दि स्काइ विथ डाइमन्ड'बाट प्रेरित भएर उनको नाम लुसी राखिएको थियो।

करिब २५ वर्षपछि सोही क्षेत्रमा दुई वर्ष ७ महिनाकी बालिकाको अवशेष फेला पर्‍यो। उनको नाम सेलाम राखियो। यो सेलामको अवशेषले विकासक्रमको बाल्य अवस्थाबारे गहन जानकारी दिएको छ। जेरेसेने अलेम्सेगडको टोलीले फेला पारेको सेलामलाई यसअघि कहिल्यै इथियोपियाबाहिर प्रदर्शन गरिएको थिएन।

प्रदर्शनीमा देखाइएका ५२ टुक्रा अवशेषहरूमा दाँत, खप्परका भाग, नितम्ब, खुट्टा र मेरुदण्डका टुक्रा छन्। यी संरचनाले वैज्ञानिकहरूलाई लुसी र सेलामको जीवनशैलीबारे धेरै कुरा पत्ता लगाएका छन्। उनीहरूले यिनले रूख चढ्ने बानी, कमजोर खुट्टा, वयस्क उमेरमा मृत्यु आदि बताउँछन्।

सन् २०१६ मा प्रकाशित अध्ययनअनुसार लुसीका बलिया हातले उनी रुख चढ्ने गर्थिन् भन्ने अनुमान छ। उनको मृत्यु अग्लो रुखबाट खस्दा भएको हुनसक्छ भन्ने संकेत पनि अध्ययनमा फेला परेको छ।



**विश्वकै दुर्लभ प्रदर्शनी**

चेक राष्ट्रिय संग्रहालयका निर्देशक माइकल लुकेसले यस प्रदर्शनीलाई 'विश्वकै सबैभन्दा मूल्यवान् र पुरातात्विक दृष्टिले महत्त्वपूर्ण प्रदर्शनीमध्ये एक' भनेका छन्। लुसी यसअघि केवल एकपटक मात्र अमेरिकामा प्रदर्शन गरिएकी थिइन् भने सेलामलाई यो प्रदर्शनीमा नै पहिलोपटक इथियोपियाबाहिर ल्याइएको हो।

अवशेषहरू इथियोपियाको राष्ट्रिय संग्रहालय, अदिस अबाबाबाट ल्याइएको हो। इथियोपियन हेरिटेज अथोरिटीका प्रमुख अबेबाव अयाल्यु गेल्लाका अनुसार, 'यस प्रदर्शनीले इथियोपियालाई मानव उत्पत्तिको भूमि भनेर चिनाउन ठूलो भूमिका खेल्नेछ।'

**लुसीभन्दा पहिले पनि कोही थिए?**

लामो समयसम्म लुसीलाई मानव जातिको सबैभन्दा पुरानो पुर्खा मानिन्थ्यो। सन् १९९४ मा फेला परेको अर्डिपिथेकस रामिडस (अर्डी) र २००१ मा चाडमा भेटिएको 'तौमाई' नामक जीवाश्महरूले मानव इतिहास अझै पुरानो हुनसक्ने संकेत गरेका छन्। अर्डीको उमेर ४५ लाख वर्ष अनुमान गरिन्छ भने तौमाईको खोपडी झन्डै ७० लाख वर्ष पुरानो मानिएको छ।

**इतिहासको झ्याल**

लुसी र सेलाम केवल जीवाश्ममात्र नभई मानव अस्तित्व चिहाउने झ्याल हुन्। यिनका अवशेषका टुक्राहरूमा मानवताको सुरुवात, हाम्रो पुर्खाको बौद्धिक विकास र शारीरिक संरचनाबारे अमूल्य जानकारी लुकेको छ।



उनीहरू अफ्रिकाबाट सुरु भएको मानव जातीको यात्राका साक्षी हुन्। यो यात्राको एउटा जीवन्त अध्याय अहिले युरोपको एउटा संग्रहालयमा बोलिरहेजस्तो लाग्छ।

# दोस्रोपटक नेपालको सार्वभौम साख मूल्यांकन गरिँदै

news 24

**काठमाडौं, भदौ ९**

सरकारले अन्तर्राष्ट्रिय लगानीकर्ताको विश्वास वृद्धिका लागि दोस्रोपटक सार्वभौम साख मूल्यांकन (सोभरेन क्रेडिट रेटिङ) प्रक्रिया अघि बढाएको छ। क्रेडिट रेटिङको तयारीका लागि सोमबार अर्थ मन्त्रालयमा बसेको बैठकले तयारी राम्रोसँग गर्ने र नेपालले हासिल गरेका उपलब्धिहरूलाई व्यवस्थित रूपमा प्रस्तुत गर्ने निर्णय गरेको छ।

बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपालले एक वर्षमा उल्लेखनीय प्रगति गरेको सन्देश जाने गरी तयारी गर्न निर्देशन दिएका छन्। बैठकमा अर्थतन्त्र, नीति तथा कानुनी क्षेत्र र सुशासनका क्षेत्रमा भएका सुधारका साथै राजनीतिक स्थायित्व, सडक, पर्यटन, जलविद्युतुलगायतमा हासिल भएका उपलब्धिहरूलाई प्राथमिकता दिनेबारे छलफल भएको अर्थमन्त्री पौडेलको सचिवालयले जनाएको छ।

बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारी, सदस्य डा प्रकाशकुमार श्रेष्ठ, नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेल, अर्थ सचिव घनश्याम उपाध्याय, राजस्व सचिव दिनेशकुमार घिमिरेलगायतको उपस्थिति थियो। बैठकमा अर्थ मन्त्रालय आर्थिक नीति विश्लेषण महाशाखा प्रमुख महेश भट्टराईले 'क्रेडिट रेटिङ'सम्बन्धी अहिलेसम्म गरिएका तयारी प्रस्तुत गरेका थिए। अन्तर्राष्ट्रिय एजेन्सी फिचले नेपालको



रेटिङ गर्ने गर्छ। सोभरेन क्रेडिट रेटिङका लागि अवस्था बुझ्न फिचको टोली नेपाल आउने कार्यक्रम छ।

गत वर्ष फिचले गरेको सोभरेन क्रेडिट रेटिङमा नेपालले 'बिबी माइनस' पाएको थियो। यसवर्ष फिचको टोली चाँडै नै नेपाल आउने र देशको आर्थिक, राजनीतिक स्थिरता तथा सुशासन अवस्थाको विस्तृत मूल्यांकन गर्ने अपेक्षा गरिएको छ। यो रेटिङले नेपाललाई अन्तर्राष्ट्रिय ऋण, वैदेशिक लगानी र पुँजीबजार सशक्त बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ।

गतवर्ष प्राप्त गरेको 'डबल बी माइनस' -बीबी' स्कोरले नेपालको अवस्था ठिकै रहेको संकेत गरेको छ। जसलाई सरकारी अधिकारीहरूले नेपालको अर्थतन्त्रको संरचना, सार्वजनिक वित्तीय व्यवस्थापन र समष्टिगत आर्थिक तथा वित्तीय अवस्था सुदृढ रहेको र लगानीमैत्री वातावरण रहेको संकेत गर्ने दाबी गरेका थिए। रेटिङ एजेन्सी 'फिच रेटिङ'ले पनि नेपालको सार्वजनिक ऋण र कुल गार्हस्थ्य उत्पादन -जीडीपी)को अनुपात सुविधाजनक अवस्थामा रहेको जनाएको थियो।

सरकारले दोहोऱ्याएर रेटिङ गराउनुका पछाडि विदेशी लगानी आकर्षण गर्न, सस्तो ऋण पाउन र देशको आर्थिक छवि बढाउनु रहेको छ। रेटिङले विदेशी लगानीकर्तालाई नेपालमा लगानी गर्ने वा नगर्ने भन्नेबारे निर्णय लिन सहज पार्छ। त्यस्तै अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट ऋण लिन र ब्याजदर कम गर्न रेटिङ महत्वपूर्ण आधार हुन्छ। अन्तर्राष्ट्रिय बजारमा नेपालको विश्वसनीयता बढाउन पनि रेटिङले प्रत्यक्ष भूमिका खेल्छ।

रेटिङ मूल्यांकन सकारात्मक भएमा नेपालले अन्तर्राष्ट्रिय बजारमा सस्तो ऋण, उच्च लगानी अवसर र पुँजी बजारमा पहुँच पाउनेछ। तर नकारात्मक स्कोर प्राप्त गरेमा वा गतवर्षकै अवस्थामा रहेमा नेपालले अझै सुधार गर्नुपर्ने अवस्था हुन्छ। राजनीतिक स्थिरता, सुशासन, व्यापार घाटा नियन्त्रण, वैदेशिक लगानी सहजतामा चुनौती हुनसक्छ। त्यसैले, नेपालको सार्वभौम क्रेडिट रेटिङ केवल संख्यात्मक सूचक मात्र होइन, यो देशको विश्वसनीयता, लगानी वातावरण र दीर्घकालीन आर्थिक यात्राको सूचक हो।

# 'इम्बोस्ड नम्बरप्लेट कार्यान्वयन गर्न सकिँदैन'

काठमाडौं। देशभरका यातायात व्यवसायीहरूको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले इम्बोस्ड नम्बरप्लेट लगाउने निर्णय तत्काल कार्यान्वयन गर्न नसकिने बताएको छ।




महासंघका महासचिव डेकनाथ गौतमले सोमबार प्रेस विज्ञप्ति जारी गरी देशभर रहेका यातायात कार्यालयमा इम्बोस्ड नम्बर प्लेट लगाउने प्रविधिको विकास नभएकाले तत्काल उक्त निर्णय कार्यान्वयन गर्न नसकिने बताएका हुन्। 'नेपाल सरकारले सार्वजनिक तथा निजी सवारीमा अनिवार्य इम्बोस्ड नम्बर प्लेट लगाउने निर्णय गरी कार्यान्वयनमा जाँदा आमरुपमा विरोध पश्चात इम्बोस्ड नम्बर लगाउने कार्य स्थगित भएको अवस्थामा पुनः यसलाई लगाउने निर्णय न्यायोचित छैन', महासंघद्वारा जारी विज्ञप्तिमा भनिएको छ। महासंघले इम्बोस्ड नम्बर प्लेट लगाउने विषयमा सर्वोच्च अदालतबाट भएको फैसलालाई भने स्वागत गरेको छ।

वर्तमान अवस्थामा इम्बोस्ड नम्बर लगाउन जाने सार्वजनिक सवारीका साधनका व्यवसायीले पुरानै नम्बरमा कर तिर्ने कागजपत्र नवीकरण गर्ने र इम्बोस्ड नम्बरको राजस्व मात्र लिएको र भौतिक पूर्वाधारविना राजस्व असुली गर्ने कार्य न्यायोचित नभएको हुँदा तत्काल जारी गरिएको सूचनालाई पुनःमूल्यांकन गर्न सरकारलाई आग्रह गरेको छ। *रासस*

# म्याग्दी : विद्युत् प्रणाली सुधार्न १० करोड

news 24

**काठमाडौं, भदौ ९**

नेपाल विद्युत् प्राधिकरणले म्याग्दी जिल्लाको विद्युतीकरण विस्तार तथा वितरण प्रणाली सुदृढीकरण गर्न १० करोड रुपैयाँ लगानी गर्ने भएको छ। प्राधिकरणले जिल्लामा विद्युत् वितरण प्रणाली सुदृढीकरण योजना सञ्चालनका यति बजेट विनियोजन गरेको हो।



जिल्लामा लामो प्रसारण तथा वितरण प्रणालीको लाइनका कारण विद्युत् आपूर्तिमा समस्या आएपछि थप लगानी गरेर प्रणालीको गुणस्तर सुधार गर्न लागिएको म्याग्दी वितरण केन्द्रका प्रमुख सत्यनारायण गामीले बताए।

'जिल्लामा मिलनचोक, रातोढुंगा र घराप सबस्टेशनमार्फत राष्ट्रिय प्रसारण प्रणालीको विद्युत् वितरण भइरहेको छ,' उनले भने, 'तर, यी सबस्टेशनबाट जाने वितरण प्रणालीको फिडर ओभरलोडेड छन्। जसले गर्दा उपभोक्ताले 'लो-भोल्टेज' तथा ट्रिपिङको समस्या झेल्नुपरिरहेको छ। यही समस्या समाधान गर्न नयाँ आयोजनामा प्राधिकरणले काम गर्दैछ।' उनले जिल्लाको प्रसारण तथा वितरण प्रणाली सुधार हुँदा विद्युत्को गुणस्तरमा स्वतः सुधार हुने बताए।

विद्युतीय दुर्घटनाको जोखिम घटाउने, विद्युत् आपूर्ति र वितरण प्रणाली व्यवस्थित तथा गुणस्तरीय बनाउन चालू आर्थिक वर्षमा नै प्राधिकरणले काम सुरु गर्ने ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री खमबहादुर गर्बुजाले बताए।

'जोखिमयुक्त ठाउँमा नांगो तार हटाएर एबीसी केबल राख्ने, ट्रान्सफर्मरको क्षमता बढाउने, फिडर थप्ने र ट्रिपिङ हुन नदिने उपकरण जडान गर्ने योजनाका लागि बजेट परेको छ,' उनले भने, 'प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण आयोजना पूरा हुँदा विद्युत् आपूर्ति अनियमित हुने समस्याको दीर्घकालीन समाधान हुनेछ।' विद्युत् वितरण प्रणाली सुदृढीकरणका लागि जिल्लामा पहिलोपटक पर्याप्त बजेट विनियोजन गरेर योजना भित्र्याएको पनि राज्यमन्त्री गर्बुजाले बताए।

जिल्लामा निर्माणाधीन राहुघाट र म्याग्दी नदी 'बेसिन'का जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा आबद्ध गराउन निर्माणाधीन १३२ केभी क्षमताको डाँडाखेत-राहुघाट सबस्टेशन र प्रसारण लाइनको काम पूरा गर्न मन्त्रालयले पहल गरिरहेको पनि उनले बताए।

विद्युत् प्राधिकरणले जिल्लाका २ हजार १८३ घरधुरीमा राष्ट्रिय प्रसारण प्रणालीको विद्युत् सेवा विस्तारका लागि आर्थिक वर्ष २०८०/८१ देखि २२ करोड रुपैयाँ लगानीको योजना सञ्चालन गरिरहेको गामीले बताए। उनका अनुसार 'उज्यालो म्याग्दी कार्यक्रम'मार्फत धौलागिरि गाउँपालिका-१ गुर्जाबाहेकका बस्तीहरूमा चालू आर्थिक वर्षमा राष्ट्रिय प्रसारण प्रणालीको विद्युत् पहुँच पुऱ्याउने तयारी छ।

योजनाअन्तर्गत आर्थिक वर्ष २०८१/८२ मा ८७४ घरधुरी र आर्थिक वर्ष २०८०/८१ मा १ हजार ४३८ घरमा विद्युतीकरण भएको पनि उनले बताए। म्याग्दी वितरण केन्द्रअन्तर्गत २३ हजार ८६९ सेवाग्राही छन्। पर्वतको जलजला गाउँपालिकाको मल्लाज, बारीबेनी क्षेत्रमा पनि यो वितरण केन्द्रअन्तर्गतको मिलनचोक सबस्टेशनमार्फत विद्युत् वितरण हुँदै आएको छ।

# बीवाईडीको सहयोगमा एमक्यूबले 'काठमाडौं क्रोनिकल्स' गर्ने

news 24

**काठमाडौं, भदौ ९**

नेपालको सौन्दर्य, इतिहास र संस्कृतिलाई उजागर गर्ने उद्देश्यसहित सुरु गरिएको 'काठमाडौं क्रोनिकल्स' यो वर्ष पनि हुने भएको छ। एमक्यूब नेपालले बीवाईडीसँगको सहकार्यमा 'काठमाडौं क्रोनिकल्स' गर्न लागेको हो।

नेपालको सौन्दर्य, इतिहास र संस्कृतिलाई उजागर गर्ने उद्देश्यसहित सुरु गरिएको काठमाडौं क्रोनिकल्स एक नयाँ अनि रमाइलो अनुभव हो। एमक्यूब नेपालअन्तर्गत म्यारियट काठमाडौंद्वारा हरेक वर्ष आयोजना हुने रिट्रिटका रूपमा ल्याइएको यो पहलले सहकार्य र सम्बन्धलाई सम्मेलन हलमा मात्र सीमित नराखी नेपालको जीवित सम्पदासम्म पुऱ्याउने प्रयास गरेको छ। कार्यक्रम म्यारियटका आईसीई (मीटिङ, इन्सेन्टिभ, कन्फरेन्स र एक्जिबिसन) पार्टनर र सरोकारवालाहरूका लागि विशेषरूपमा तयार पारिएको हो। यसले आपसी सहकार्यलाई अझ सुदृढ बनाउँदै काठमाडौंको सांस्कृतिक सम्पदालाई पर्यटकीय यात्रामार्फत चिनाउने लक्ष्य राखेको छ।

काठमाडौं क्रोनिकल्सको मूल आकर्षण उपत्यकाका तीन प्रमुख सम्पदा स्थलहरू काठमाडौं दरबार स्क्वायर, पाटन



दरबार स्क्वायर र स्वयम्भूनाथमा आयोजना गरिने 'ट्रेजर हन्ट' हो। सहभागीहरूलाई विभिन्न समूहमा विभाजन गरी बीवाईडीका गाडीमार्फत यी स्थलहरूमा लगिनेछ, जहाँ उनीहरूले विभिन्न पजलहरू समाधान गर्ने, टास्कहरू पूरा गर्ने र ती स्थलका कथालाई जीवन्त तरिकाले अनुभव गर्ने अवसर पाउनेछन्। यसले नेपाललाई आईसीई (मीटिङ, इन्सेन्टिभ, कन्फरेन्स र एक्जिबिसन) गन्तव्यका रूपमा प्रस्तुत गर्दै व्यावसायिक भेला र सम्मेलनहरूलाई अनौठा सांस्कृतिक अनुभवसँग संयोजन गर्न सकिने प्रमाणित गरेको छ।

ऐतिहासिक चौतारोदेखि प्राचीन मन्दिरसम्म, प्रत्येक स्थानहरू रमाइलो गर्न, ज्ञान साटासाट गर्न र टिम स्पिरिट जगाउन सहयोग हुने अनुभवहरूमा परिणत हुनेछन्। कार्यक्रम म्यारियट काठमाडौंबाट सुरु भएर फेयरफिल्ड बाई म्यारियटमा गएर समापन हुनेछ। विजेता टोलीलाई 'काठमाडौं एक्सपर्ट्स' को उपाधिसमेत प्रदान गरिनेछ। एमक्यूब र बीवाईडीबीचको यस सहकार्यले सहभागीहरूलाई केवल मीठा सम्झनाहरू मात्र नभई काठमाडौंलाई सम्पदा र अतिथ्यको शहरका रूपमा चिन्ने नयाँ दृष्टिकोण पनि प्रदान गर्नेछ।

# 'फेस्टिभ डिलाइट २०८१' का विजेतालाई हुन्डाइले दियो पुरस्कार



काठमाडौं (संवाददाता)- लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालि, नेपालका लागि हुन्डाइ गाडीका आधिकारिक वितरकले 'फेस्टिभ डिलाइट २०८१' योजनाको विजेतालाई बम्पर पुरस्कार हस्तान्तरण गरेको छ। विजेता कुवेरा कन्स्ट्रक्सन प्रालिलाई आइतबार 'लक्सपेरियन्स २०२५' को दोस्रो दिन नयाँ हुन्डाइ भेन्यू १.२ प्रदान गरेको हो।

दशैं-तिहारको अवसर पारेर २०२४ अगस्ट २२ देखि नोभेम्बर ८ सम्म सञ्चालन गरिएको योजनाअन्तर्गत ग्राहकले आकर्षक नगद छुट, अधिकतम १ लाख रुपैयाँसम्मको स्क्र्याच कार्डमार्फत नगद छुट, एक वर्षको सडक कर, एक वर्षको बीमा तथा एक्सचेन्ज बोनसजस्ता सुविधा पाएका थिए।

हुन्डाइ नेपालले विजेता कुवेरा कन्स्ट्रक्सनलाई बधाई दिँदै, योजनामा सहभागी सबै ग्राहकप्रति आभार व्यक्त गरेको छ।


# करेन्ट पोइन्टको तेस्रो शाखा शंखमूलमा

काठमाडौं (संवाददाता)- नेपाली बजारमा हट एण्ड स्पाईसी नुडल्स सेग्मेन्टमा आफ्नो छुट्टै पहिचान बनाउन सफल करेन्ट नुडल्सको उत्पादक यसोदा फुड्सले आफ्नो लोकप्रिय आउटलेट 'करेन्ट पोइन्ट'को तेस्रो शाखा काठमाडौंको शंखमूलस्थित बिगमार्ट नजिकै सञ्चालनमा ल्याएको छ।

रुपन्देहीको बुटवल र काठमाडौंको अनामनगरमा रहेका आउटलेटहरूको अपार सफलता र उपभोक्ताको निरन्तर मागलाई ध्यानमा राख्दै, यसोदा फुड्सले नेपाली नारीहरूको महान चाड हरितालिका तीजको दर खाने दिनको शुभ अवसर पारी यो नयाँ आउटलेट सञ्चालनमा ल्याएको हो।

करेन्ट पोइन्टको यो नयाँ शाखामा करेन्ट नुडल्सका विभिन्न परिकारहरू उपलब्ध हुनेछन्। विशेषगरी, यहाँ ग्राहकहरूले नूजा, यम्मी स्लर्प, क्रिस्पी रोल्स, र चिज पकेटजस्ता नयाँ र आकर्षक परिकारहरूको स्वाद लिन पाउनेछन्। साथै, ग्राहकहरूले आफ्नो रुचिअनुसारको मसला र स्वाद पनि रोज्न सक्नेछन्।

विशेष गरी युवापुस्तामाझ लोकप्रिय रहेको करेन्ट चाउचाउको यो नयाँ आउटलेटले काठमाडौंवासीलाई नौलो र डेलीस्यस स्वादको अनुभव प्रदान गर्ने विश्वास कम्पनीले लिएको छ। करेन्टका पारखीहरूले शंखमूलमा रहेको करेन्ट पोइन्टमा गई विभिन्न प्रकारका स्वादिष्ट र चट्पटा




नुडल्सको मजा लिन सक्नेछन्।

समारोहमा बोल्दै यसोदा फुड्सका अध्यक्ष चुन्नप्रसाद पौडेलले बुटवल र अनामनगरमा करेन्ट पोइन्टले पाएको अपार माया र सफलताले आफूहरूलाई काठमाडौंमा थप विस्तारका लागि उत्साहित बनाएको बताए। 'काठमाडौंका नुडल्स पारखीहरू, विशेषगरी पिरो र चट्पटा स्वाद मन पराउनेहरूका लागि शंखमूललाई पनि एउटा उत्कृष्ट गन्तव्य बनाउने हाम्रो लक्ष्य हो। हामी आशा गर्दछौं, हाम्रो यो नयाँ यात्राले उपभोक्ताहरूको स्वादको चाहनालाई अझ नयाँ उचाइमा पूरा गर्नेछ,' उनले भने।

उद्घाटन समारोहमा यसोदा फुड्सका ग्लोबल सीईओ जीपी शाहले करेन्ट पोइन्ट र करेन्ट स्न्याक्स तथा नुडल्स रेन्जबारे जानकारी दिए।

सन् २०१७ मा स्थापित यसोदा फुड्स प्रालि नेपालको अग्रणी खाद्य तथा पेय पदार्थ उत्पादक कम्पनी हो। गुणस्तर र नवीनताप्रति प्रतिबद्ध यस कम्पनीले छोटो समयमै नेपाली उपभोक्ताको मन जित्न सफल भएको कम्पनीले दाबी गरेको छ।

# सुनसरीको उत्कृष्ट पालिका बराहक्षेत्र

**मनोज भुजेल**
**सुनसरी, भदौ ९**

बराहक्षेत्र नगरपालिका सुनसरीको उत्कृष्ट पालिका बनेको छ। जिल्लाका १२ वटा स्थानीय तहमध्ये बराहक्षेत्र नगरपालिका उत्कृष्ट पालिका बन्न सफल भएको हो।



संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा कान्छो नगरपालिकाका रूपमा रहेको बराहक्षेत्र जिल्लामा उत्कृष्ट नम्बर प्राप्त गर्दै पहिलो बनेको छ।

संघीय सरकारद्वारा आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रियामा स्थानीय तहलाई विनियोजन गर्ने सशर्त र निःशर्त अनुदान बाँडफाँड गर्न हरेक वर्ष गरिने स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा बराहक्षेत्र नगरपालिकाले १०० पूर्णांकमा ८५.७५ अंक प्राप्त गरेको छ। यस्तै, यो नगरपालिका कोशी प्रदेशको उत्कृष्ट अंक ल्याउने पालिकामध्ये पाँचौं स्थान पनि छ। कोशी प्रदेशमा १३६ वटा स्थानीय तह छन्।

इलामको सूर्योदय नगरपालिका कोशी प्रदेशको प्रथम नगरपालिका बनेको छ। यो नगरपालिकाले यस्तै ९० .५० अंक प्राप्त गरेको छ। ९० अंक प्राप्त गर्दै इलामको इलाम नगरपालिका दोस्रो, ८७.२५ अंक प्राप्त गर्दै विराटनगर महानगरपालिका प्रदेशको तेस्रो, ८६.५० अंक प्राप्त गर्दै खोटाङको हलेसी तुवाचुंग नगरपालिका चौथो, ८६ अंक प्राप्त गर्दै झापाको कन्काई नगरपालिका चौथो बनेका छन्।

बराहक्षेत्र, प्रदेश र जिल्लामै उत्कृष्ट पालिका बन्नुमा जनप्रतिनिधि र कर्मचारीबीचको समन्वय तथा नगरबासीको सहयोगको ठूलो योगदान रहेको नगर प्रमुख प्रशासकीय अधिकृत गणेशबहादुर कटुवाल बताउँछन्। 'जनप्रतिनिधिको काममा नगरबासीको सधै सकारात्मक सहयोग छ,' उनले भने, 'कर्मचारीले पनि नतिजा देखिनेगरी काम गरेको हुँदा उत्कृष्ट बन्न सफल भएका छौं।'

नगरपालिका प्रदेश र जिल्लामा उत्कृष्ट बनेपछि बराहक्षेत्रबासी समेत उत्साहित भएका छन्। नगरपालिकाले नागरिकको सेवामा राम्रो काम गरेकाले नै उत्कृष्ट बनेको स्थानीय दिनेश पोखरेल बताउँछन्। यो उपलब्धिलाई आत्मसात् गर्दै नगरको विकास र सेवामा अझ प्रभावकारी भएर लाग्न नगरपालिकालाई उनको सुझाव छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सम्पन्न आर्थिक वर्षको बजेट तथा योजना तर्जुमा, वित्तीय एवम् आर्थिक व्यवस्थापन, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, विपद् व्यवस्थापन, सहकार्य र समन्वयलगायत १० वटा विषयमा गुणस्तर परीक्षण गर्ने गरेको छ।

यसै आधारमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन रिपोर्ट सार्वजनिक गर्ने गरेको छ। बराहक्षेत्रले लगातार ३ वर्षदेखि लगातार प्रभावकारी कार्य सम्पादनमा उत्कृष्ट अंक हासिल गर्दै आएको छ। ९२ हजार जनसंख्या रहेको बराहक्षेत्रमा ११ वटा वडा छन्।

# नाडा अटो शोमा जिली एक्स फाइभको किर्तीमानी बुकिङ

news 24

**काठमाडौं, भदौ ९**


नाडा अटो शो २०२५ मा जिली एक्स फाइभका १८७ युनिट बुकिङ भएको कम्पनीले जनाएको छ।

ड्रीम स्मार्ट चाइनाको अधिकृत आयातकर्ताका रूपमा नेपालमा जिली एक्स फाइभ विद्युतीय गाडी भित्राउने एलआरआर मोटर्स प्रालिले नाडा अटो शोमा धेरै गाडी बुकिङ गरेर सुरुवाती सफलता हासिल गरेको जनाएको छ।

म्याक्स र प्रो गरी दुईवटा भेरियन्ट प्रदर्शनीमा राखिएको जिली एक्स फाइभ विद्युतीय गाडीको स्टलमा ठूलो संख्यामा अवलोकनकर्ताको भीड लागेको थियो।

अत्याधुनिक प्रविधि, अधिक रेञ्ज, र आकर्षक डिजाइनका कारण जिली एक्स फाइभले भरपर्दो, प्रिमियम र स्टाइलिश विद्युतीय गाडी खोज्ने ग्राहकको नजरमा परेका कारण उल्लेख्य संख्यामा बुकिङ गर्न सफल भएको एलआरआर मोटर्सका बिक्री तथा सञ्चालन प्रमुख अधिर श्रेष्ठले बताए।

'नाडामा जिली एक्स फाइभ विद्युतीय गाडीले पाएको उत्साहजनक प्रतिक्रियाले हामीलाई धेरै हौसला प्रदान गरेको छ,' उनले भने, 'नाडा अटो शोको अवधिभर १८७ वटा बुकिङ हुनुले जिलीको नवप्रवर्तनमा विश्वास बढेको छ।'





उनले जिलीको बुकिङले नेपालमा दिगो गतिशीलताका समाधानप्रति बढ्दो मागको स्पष्ट संकेत देखाएको पनि बताए। यो सफलताले नेपाली बजारका लागि विश्वस्तरीय विद्युतीय गाडी उपलब्ध गराउने प्रतिबद्धतालाई अझ मजबुत बनाएको उनको भनाइ छ। श्रेष्ठका अनुसार, जिली एक्स फाइभ श्रृंखलामा प्रयोग गरिएको नवीनतम र परिमार्जित ब्याट्रीले विशेषगरी नेपाली उपभोक्ताहरूलाई आकर्षित गराएको हो।

गाडी निर्माता जिली होल्डिङ ग्रुप आफैंले उत्पादन गरेको यो ब्याट्रीले ८ वटा निडल परीक्षण पास गरेसँगै संसारकै पहिलो वाटर, फायर र बुलेट प्रुफ प्रमाणित भएको छ। यो ब्याट्रीको आयु ३५ सय चार्ज रिसाइकल (लगभग १० लाख किमि अथवा ५० वर्ष) रहेको छ। जुन हालसम्म उपलब्ध अन्य कुनै पनि ब्याट्रीको क्षमताभन्दा धेरै हो। साथै आयातकर्ता एलआरआर मोटर्सले जिलीका गाडीहरूको ब्याट्रीमा आठ वर्ष वा एक लाख ६० हजार किमिसम्म वारेन्टीसमेत दिएको छ।

एलआरआर मोटर्सका अनुसार, नाडामा जिली एक्स फाइभको सफलताले कम्पनीको वातावरणमैत्री यातायात प्रवर्द्धन गर्ने र नेपालको हरित गतिशील भविष्यलाई समर्थन गर्ने दृष्टिकोणलाई अझ सबल बनाएको छ। बुक गरिएका गाडीहरूको डेलिभरी पनि सुरु गर्न लागेको कम्पनीले जनाएको छ।

# २१ अंकले बढ्यो नेप्से




news 24
**काठमाडौं, भदौ ९**

शेयरबजार सोमबार बढेर बन्द भएको छ। कारोबार मापक नेप्से परिसूचक २१.३० अंकले बढेर २,७६१.२६ विन्दुमा कायम भएको छ। यसअघिको तीन कारोबार दिन नेप्से घटेको थियो। सोमबार परिसूचक बढे पनि कारोबार रकममा गिरावट आएको छ। पाँच अर्ब ७५ करोड ३२ लाख १९ हजार रुपैयाँ बराबरको एक करोड आठ लाख ७७ हजार ९४२ कित्ता शेयर किनबेच भएको छ।

कारोबार भएका २५० कम्पनीमध्ये १७९ वटाको शेयरमूल्य बढ्दा बजारमा हरियाली छाएको हो। तर यसदिन ७१ कम्पनीका शेयरधनीले भने गुमाएका छन्।

'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सिटिभ परिसूचक ०.६७ प्रतिशत बढेर ४७४.३८ विन्दुमा बन्द भएको छ। साधारण शेयरको कारोबार मापन गर्ने फ्लोट सूचक पनि ०.६८ प्रतिशत बढेर १८८.९२ विन्दुमा र सेन्सिटिभ फ्लोट सूचक ०.६६ प्रतिशत बढेर १६२.११ विन्दुमा पुगेको छ।

उत्पादन तथा प्रशोधन र म्युचुअल फण्ड समूह घटेका छन्, बाँकी सबै समूह बढेका छन्। उत्पादन तथा प्रशोधन समूह ०.०५ प्रतिशत र म्युचुअल फण्ड ०.३४ प्रतिशत घटेको छ।

सबैभन्दा धेरै अन्य समूह २.७९ प्रतिशत बढेको छ। यो समूहमा रहेको नेपाल रिइन्स्योरेन्सको शेयरमा लगानीकर्ता झुम्मिदा मूल्य ५.१० प्रतिशत बढेको छ। त्यसपछि लघुवित्त समूह १.५० प्रतिशत बढेको छ। यसदिन ४० वटा लघुवित्तको शेयरमूल्य बढेको छ। नेपाल राष्ट्र बैंकले लघुवित्त वित्तीय संस्थाले २५ प्रतिशतसम्म लाभांश वितरण गर्न पाउने व्यवस्था गरेपछि सोमबार लगानीकर्ताले लघुवित्त कम्पनीहरूको शेयर खरिद बढाएका थिए।

बैंकिङ समूहको शेयरमूल्य पनि ०.५८ प्रतिशत बढेको छ। यस्तै, विकास बैंक समूह ०.९५, फाइनान्स ०.२०, होटल तथा पर्यटन ०.४५, जलविद्युत् ०.३२, लगानी ०.३४, जीवन बीमा ०.५६, लघुवित्त १.५०, निर्जीवन बीमा ०.३१ र व्यापार ०.०५ प्रतिशतले बढेको छ।

सर्वाधिक मूल्य बढ्ने कम्पनीहरूमा नारायणी डेभलपमेन्ट बैंक, विकास हाइड्रोपावर कम्पनी, साना किसान विकास लघुवित्त वित्तीय संस्था, नेपाल रिइन्स्योरेन्स, महुली लघुवित्त वित्तीय संस्था छन्। नारायणी डेभलपमेन्ट बैंकको शेयरमूल्यमा सकारात्मक सर्किट लागेको छ।

सर्वाधिक मूल्य घट्ने पाँच कम्पनीमा सिक्लेस हाइड्रोपावर, सीवाइसी नेपाल लघुवित्त वित्तीय संस्था, खानीखोला हाइड्रोपावर कम्पनी, नेपाल रिपब्लिक मिडिया र पिपल्स हाइड्रोपावर कम्पनी छन्।

कारोबार रकमका आधारमा सबैभन्दा बढी नेपाल रिइन्स्योरेन्स कम्पनीको ७६ करोड ९६ लाख ७७ हजार ९५१ रुपैयाँको कारोबार भएको छ। त्यसपछि हिमालयन रिइन्स्योरेन्सको २३ करोड ३९ लाख ५४ हजार रुपैयाँ, हिमालयन डिस्टिलरीको २० करोड ६६ लाख रुपैयाँ, राधि विद्युत् कम्पनीको १७ करोड ७१ लाख रुपैयाँ र छिमेक लघुवित्त वित्तीय संस्थाको १७ करोड ६५ लाख रुपैयाँको शेयर कारोबार भएको छ।

लगानीकर्ताको सम्पत्ति एक दिनमा ३६ अर्ब रुपैयाँ बढेको छ। बजार पुँजीकरण ४६ खर्ब १४ करोड रुपैयाँ कायम भएको छ। साधारण शेयरतर्फको बजार पुँजीकरण ११ अर्ब रुपैयाँ बढेर १५ खर्ब ६१ अर्ब रुपैयाँ पुगेको छ।

**सर्वाधिक मूल्य बढेका पाँच कम्पनी**

| कम्पनी | अन्तिम मूल्य | बढेको मूल्य | मूल्य वृद्धि प्रतिशतमा |
|---|---|---|---|
| नारायणी डेभलपमेन्ट बैंक लि. | ७९०.१० | ७१.७७ | ९.९९ |
| विकास हाइड्रोपावर क.लि. | ४२७.५० | ३८.८० | ९.९८ |
| साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. | ९३२.४४ | ४६.६३ | ५.२६ |
| नेपाल रिइन्स्योरेन्स क.लि. | १,६४७.५० | ७९.९३ | ५.१० |
| महुली लघुवित्त वित्तीय संस्था लि. | १,५५९.०७ | ६६.८१ | ४.४८ |

**सर्वाधिक मूल्य घटेका पाँच कम्पनी**

| कम्पनी | अन्तिम मूल्य | घटेको मूल्य | मूल्य वृद्धि प्रतिशतमा |
|---|---|---|---|
| सिक्लेस हाइड्रोपावर लि. | ८६६.८० | –३१.८३ | –३.५४ |
| सीवाइसी नेपाल लघुवित्त वित्तीय संस्था लि. | १,७५७.५६ | –६३.६७ | –३.५० |
| खानिखोला हाइड्रोपावर क.लि. | २५४.४९ | –६.८७ | –२.६३ |
| नेपाल रिपब्लिक मिडिया लि. | ५१४.४९ | –११.३५ | –२.१६ |
| पिपल्स हाइड्रोपावर क.लि. | ४६२.६८ | –८.७६ | –१.८६ |

**सर्वाधिक कारोबार भएका पाँच कम्पनी**

| कम्पनी | कारोबार रकम | अन्तिम मूल्य |
|---|---|---|
| नेपाल रिइन्स्योरेन्स क.लि | ७६९,६७७,९५१.८० | १,६४९.९० |
| हिमालयन रिइन्स्योरेन्स क.लि | २३३,९५४,२२६.७० | १,०००.०० |
| हिमालयन डिस्टिलरी लि. | २०६,६००,३७६.०० | १,४०९.०० |
| राधि विद्युत् क.लि | १७७,१००,०१३.८० | ७५९.०० |
| छिमेक लघुवित्त वित्तीय संस्था लि. | १७६,५९०,७४०.५० | १,०७५.९० |

| प्रमुख विवरण | |
|---|---|
| नेप्से सूचक | २,७६१.२६ |
| कारोबार रकम (रु) | ५,७५३,२१९,६५२ |
| कारोबार भएको शेयर संख्या | १०,८७७,९४२ |
| कारोबार भएका कम्पनी | २५० |
| बजार पुँजीकरण | ४,६१४,१८६,३७०,२८२ |

**समूहगत सूचक**

| उपसमूह | सूचक अंकमा | परिवर्तन प्रतिशत |
|---|---|---|
| बैंकिङ | १,४३०.८५ | ८.३६ |
| विकास बैंक | ५,७३२.३३ | ५३.९५ |
| फाइनान्स | २,४४६.३० | ४.९४ |
| होटल तथा पर्यटन | ७,०२५.७६ | ३१.८६ |
| जलविद्युत् | ३,५४४.०३ | ११.५४ |
| लगानी | ११०.८८ | ०.३८ |
| जीवन बीमा | १२,९८५.०६ | ७२.३५ |
| उत्पादन तथा प्रशोधन | ७,५७६.१८ | -४.५० |
| लघुवित्त | ५,२१६.०७ | ७७.१२ |
| म्युचुअल फण्ड | २०.२८ | -०.०७ |
| निर्जीवन बीमा | १२,३२५.१६ | ३८.९७ |
| व्यापार | ४,०९१.१९ | २.२२ |
| अन्य | २,६६५.५३ | ७२.४८ |

# हेटौंडा सिमेन्टको उत्पादन पुनः सुरु

मकवानपुर। हेटौंडा सिमेन्ट उद्योगले पुनः उत्पादन सुरु गरेको छ। उद्योगको मेसिनमा समस्या देखिएपछि गत वैशाख देखि उत्पादन बन्द थियो। मेसिनहरूको मर्मत कार्य सकिएपछि सोमबारदेखि उत्पादन सुरु गरिएको उद्योगका निमित्त महाप्रबन्धक रामबाबु साहले जानकारी दिए। मेसिन मर्मत गरी कोइला व्यवस्थापन भएपछि उत्पादन सुरु भएको हो।

उद्योगले सिमेन्ट उत्पादन गरी बिक्री गरेर भुक्तानी गर्ने शर्तमा करिब एक हजार टन कोइला व्यवस्थापन गरेको छ।

विसं २०३३ मा हेटौंडाको लामसुरेमा स्थापना भएको उद्योगले २०४३ देखि सिमेन्ट उत्पादन गर्दै आएको छ। आर्थिक समस्या झेल्दै आएको उद्योग बन्द हुने र खुल्ने क्रम चलिरहेको छ। उद्योगसँग धादिङको जोगीमारा तथा मकवानपुरको ओखे, मजुवा र भैँसे गरी चार ठाउँमा चुनढुंगा खानी छ। *रासस*

## लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

**प्रकाशित मिति : २०८२/०५/१० गते**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्दै आउनु भएको ऋण कर्जाको बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा अन्य दस्तुरहरु समेत चुक्ता भुक्तान गर्न पटक पटक मौखिक एवं लिखित जानकारी गराई तर ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नभएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न मिति २०८२/०१/३० र २०८२/०३/११ गतेको "आर्थिक अभियान" र नेपाल समाचारपत्र दैनिक पत्रिकामा ऋण कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा सुरक्षणधनी समेतलाई सूचित गर्दा समेत ऋण कर्जाको साँवा, व्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकोले धितो सुरक्षण वापत लेखि दिएको अचल सम्पत्ति (घरजग्गा आदि) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलवन्दी बोलपत्रद्वारा बिक्री गरिने हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफूले खरिद गरी लिन चाहेको मूल्य सहित शिलबन्दी बोलपत्र पेश गर्नुहुन इच्छुक महानुभावहरुको जानकारीको लागि यो शिलबन्दी बोलपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

### महिलवार शाखा :

**ऋणी : रवि महर्जन, (ना.प्र.प.नं. : ६३९०३, जारी मिति : २०५०/०७/२५, ललितपुर)**
बुवा : रविन्द्र महर्जन, बाजे : बुद्धि लाल महर्जन
ठेगाना : हाल लुम्बिनी न.पा. वडा नं. १०, महिलवार, रुपन्देही

**व्यक्तिगत जमानीकर्ताहरु :**
(क) रवि महर्जन, बुवा : रविन्द्र महर्जन, बाजे : बुद्धि लाल महर्जन
ठेगाना : हाल लुम्बिनी न.पा. वडा नं. १०, महिलवार, रुपन्देही
(ख) जेसना महर्जन, पति : रबि महर्जन, ससुरा : रबिन्द्र महर्जन
ठेगाना : हाल लुम्बिनी न.पा. वडा नं. १०, महिलवार, रुपन्देही

कर्जा शिर्षक : घर कर्जा (टर्म)

**धितो सुरक्षणको विवरण :**
श्री बुद्धि लाल महर्जनको नाती, रविन्द्र महर्जनको छोरा, जिल्ला ललितपुर ललितपुर नगरपालिका वडा नं. ०७, मा स्थाई ठेगाना भई हाल लुम्बिनी संस्कृतिक न.पा. वडा नं. १०, बस्ने रबि महर्जनको नाममा मालपोत कार्यालय भैरहवा रुपन्देहीमा, दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, मधुवनी गा.वि.स. वडा नं. ७/क स्थित कित्ता नं. १३८९ र १३८६ को क्षेत्रफल ०-०-७ र ०-०-६.७५ (विगाहा-कठ्ठा-धुर) को जग्गा तथा सो जग्गमा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

### वौनीया शाखा :

**१) ऋणी : जालपा ट्रेड कर्न्स : (प्रो. राधा कुमारी जोशी, ना.प्र.नं.- ५४४४१, जारी मिति : २०६०।०७।२०, कैलाली)**
दर्ता नं. : १४९४४।०६७।६८, दर्ता मिति : २०६७।०९।२३,
पा.नं. : ६०३२८२९६८
ठेगाना : भजनी न.पा.-०१, कैलाली।

**२) ऋणी : जानकी कर्न्सन, (प्रो. दीलाराम जैशी, ना.प्र.नं.- १७१५३, जारी मिति : २०५४।०६।२०, कैलाली)**
दर्ता नं. : १२५१८।०६४।६५, दर्ता मिति : २०६४।०८।०३,
पा.न. : ३०२७६१६८९
ठेगाना : भजनी नगरपालीका वडा नं. १ भजनी, कैलाली

**३) ऋणी : दीलाराम जैशी, (ना.प्र.नं.- १७१५३, जारी मिति : २०५४।०६।२० जि.प्र.का. कैलाली)**
बाबु : भगीराम जैशी, बाजे : परु जैशी
स्थायी ठेगाना : भजनी गा.बि.स. वडा नं. ९ कैलाली, हाल : भजनी नगरपालीका वडा नं. १ भजनी, कैलाली

**४) ऋणी : राधा कुमारी जोशी, (ना.प्र.नं.- ५४४४१, जारी मिति : २०६०।०७।२० जि.प्र.का. कैलाली )**
बाबु : तुलाराम जोशी, पति : दीलाराम जैशी, ससुरा : भगी राम जैशी
स्थायी ठेगाना : भजनी गा.बि.स. वडा नं. ३ कैलाली, हाल : भजनी नगरपालीका वडा नं. १ कैलाली

**व्यक्तिगत जमानीकर्ताहरु :**
(क) राधा कुमारी जोशी, बाबु : तुलाराम जोशी, पति : दीलाराम जैशी, ससुरा : भगी राम जैशी
(ख) दीलाराम जैशी, बावु : भगी राम जैशी, बाजे : परु जैशी
(ग) बिष्णु जैशी, बावु : भगी राम जैशी, बाजे : परु जैशी

कर्जा शिर्षक : व्यापार कर्जा ओ.डी., व्यापार कर्जा टर्म, महालक्ष्मी फोर्स लोन, होम लोन र महालक्ष्मी होम ईक्युटी कर्जा

**धितोसुरक्षणको विवरण :**
(क) श्री परु जैशीको नाती, भगी राम जैशीको छोरा, कैलाली जिल्ला, भजनी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई, हालः कैलाली जिल्ला, भजनी नगरपालीका वडा नं. १ कैलाली बस्ने दीलाराम जैशीको नाममा मालपोत कार्यालय धनगढी कैलालीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला कैलाली, भजनी गा.बि.स. वडा नं. १ (नक्सा सिट नं. १ख) स्थित कि.नं. ५३६ को क्षेत्रफल ०-८-३-२ कठ्ठा (वि.क.धु.) र जिल्ला कैलाली, भजनी गा.बि.स. वडा नं. ३ (नक्सा सिट नं. ३) स्थित कि.नं. ९२१ को क्षेत्रफल ०-८-१०– कठ्ठा (बि.क.धु.) भएको जग्गा तथा सोको लिगलगापात समेत।
(ख) श्री परु जैशीको नाती, भगी राम जैशीको छोरा, कैलाली जिल्ला, भजनी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई, हालः कैलाली जिल्ला भजनी नगरपालीका वडा नं. १ कैलाली बस्ने दीलाराम जैशीको नाममा मालपोत कार्यालय धनगढी कैलालीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला कैलाली, भजनी गा.बि.स. वडा नं. १ (नक्सा सिट नं. १ ख) स्थित कि.नं. ५५८ र ५६१ को क्षेत्रफल क्रमशः ०-१८-७–० र ०-८-१४–० कठ्ठा (बि.क.धु.) भएको जग्गा, घर तथा सोको लिगलगापात समेत।
(ग) श्री परु जैशीको नाती, भगी राम जैशीको छोरा, कैलाली जिल्ला, भजनी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई, हालः कैलाली जिल्ला, भजनी नगरपालीका वडा नं. १ कैलाली बस्ने दीलाराम जैशीको नाममा मालपोत कार्यालय टिकापुर कैलालीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला कैलाली, नवलपुर गा.बि.स. वडा नं. १ (नक्सा सिट नं. १) स्थित कि.नं. १९१ को क्षेत्रफल ०-३-०–०, कठ्ठा (बि.क.धु) भएको जग्गा तथा सोको लिगलगापात समेत।
(घ) श्री भगी राम जैशीको बुहारी, दीलाराम जैशीको पत्नी, तुलाराम जोशीको छोरी, कैलाली जिल्ला, भजनी गा.वि.स. वडा नं. ३ मा स्थाई ठेगाना भई, हाल : जिल्ला कैलाली, भजनी नगरपालीका वडा नं. १ कैलाली बस्ने राधा कुमारी जोशीको नाममा मालपोत कार्यालय धनगढी कैलालीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला कैलाली, भजनी गा.बि.स. वडा नं. ४ (नक्सा सिट नं. ४क) स्थित कि.नं. ४०८ को क्षेत्रफल ०-२-०-० कठ्ठा (बि.क.धु.) भएको जग्गा, घर तथा सोको लिगलगापात समेत।
(ङ) श्री परु जैशीको नाती, भगी राम जैशीको छोरा, कैलाली जिल्ला भजनी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई, हालः कैलाली जिल्ला, भजनी नगरपालीका वडा नं. १ कैलाली बस्ने दीलाराम जैशीको नाममा मालपोत कार्यालय टिकापुर, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला कैलाली, धनसिंहपुर गा.बि.स. वडा नं. ५ (नक्सा सिट नं. ५) स्थित कि.नं. २९२ को क्षेत्रफल ०-९-०–०, कठ्ठा (बि.क.धु.) भएको जग्गा तथा सोको लिगलगापात समेत।
(च) श्री भगी राम जैशीको बुहारी, दीलाराम जैशीको पत्नी, तुलाराम जोशीको छोरी, कैलाली जिल्ला, भजनी गा.वि.स. वडा नं. ३ मा स्थाई ठेगाना भई, हालः जिल्ला कैलाली, भजनी नगरपालीका वडा नं. १ कैलाली बस्ने राधा कुमारी जोशीको नाममा मालपोत कार्यालय टिकापुर कैलालीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला कैलाली, मनिकापुर गा.बि.स. वडा नं. ६ (नक्सा सिट नं. ६) स्थित कि.नं. ७९९ को क्षेत्रफल ०-५-१७–०, कठ्ठा (बि.क.धु) भएको जग्गा तथा सोको लिगलगापात समेत।
(छ) श्री परु जैशीको नाती, भगी राम जैशीको छोरा कैलाली जिल्ला, भजनी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई, हालः कैलाली जिल्ला भजनी नगरपालीका वडा नं. १ कैलाली बस्ने दीलाराम जैशीको नाममा मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला कैलाली, भजनी गा.बि.स. वडा नं. ५ (नक्सा सिट नं. ५क) स्थित कि.न. १३४४ को क्षेत्रफल ०-५-४–०, कठ्ठा (बि.क.धु.) भएको जग्गा तथा सोको लिगलगापात समेत।
(ज) श्री भगी राम जैशीको बुहारी, दीलाराम जैशीको पत्नी, तुलाराम जोशीको छोरी, कैलाली जिल्ला, भजनी गा.वि.स. वडा नं. ३ मा स्थाई ठेगाना भई, हालः जिल्ला कैलाली भजनी, नगरपालीका वडा नं. १ कैलाली बस्ने राधा कुमारी जोशीको नाममा मालपोत कार्यालय टिकापुर, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला कैलाली, धनसिंहपुर गा.बि.स. वडा नं. ५ (नक्सा सिट न. ५) स्थित कि.नं. ७३५ को क्षेत्रफल ०-९-०–० कठ्ठा (बि.क.धु.) भएको जग्गा तथा सोको लिगलगापात समेत।

**(१) शिलबन्दी बोलपत्र पेश गर्ने स्थान महालक्ष्मी विकास बैंक लि.को शाखा कार्यालयहरु**
**(२) शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२/०५/२४ (मंगलबार कार्यालय समय भित्र)**
- **खोलिने मिति : २०८२/०५/२५ (बुधबार दिनको ३ बजे )**
- **स्थान : महालक्ष्मी विकास बैंक लि.को सम्बन्धित शाखा कार्यालय**

**शिलबन्दी बोलपत्र पेश गर्दा निम्न बमोजिमको शर्तहरु पालना गर्नु पर्नेछ :-**
(क) शिलबन्दी बोलपत्र पेश गर्नेले आफूले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम नगदै, गुडफर पेमेण्टको चेक वा नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त बैंक तथा वित्तीय संस्थाको कम्तिमा ९० दिनको बैंक ग्यारेण्टी धरौटी वापत बैंक दाखिला गर्नु पर्नेछ।
(ख) शिलबन्दी बोलपत्रकर्ताको शिलबन्दी बोलपत्र स्वीकृत भएमा बैंकले पत्र पठाएको मितिले ७ दिन भित्र बाँकी रकम जम्मा गर्नु पर्नेछ। बाँकी रकम जम्मा भए पश्चात् बैंकले धितो रहेको अचल सम्पत्ति दा.खा. नामसारीको लागि सम्बन्धित कार्यालयलाई पत्राचार गरि दिनेछ।
(ग) तोकिएको भाखा म्याद भित्र बाँकी रकम जम्मा नगरेमा धरौटी वापत बैंक दाखिला गरेको रकम बैंकले जफत गर्नेछ।
(घ) कुनै शर्तहरु राखि शिलबन्दी बोलपत्र पेश गर्न पाईने छैन।
(ङ) प्राप्त शिलबन्दी बोलपत्रहरु स्वीकृत गर्ने नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
(च) शिलबन्दी बोलपत्रकर्ताले अचल सम्पत्ति रहेकै स्थानमा हेर्न र निरिक्षण गर्न सक्नु हुनेछ।
(छ) शिलबन्दी बोलपत्र कर्ताले शिलवन्दी बोलपत्र पेश गर्दा पुरै कित्ता जग्गाको शिलबन्दी पेश गर्नु पर्नेछ। एउटै ऋणीको एक भन्दा बढी कित्ता जग्गाहरुको शिलबन्दी बोलपत्र आव्हान गरेको अवस्थामा एउटा वा सबै कित्ता जग्गाको हकमा शिलबन्दी बोलपत्र पेश हुन आएमा सो को निर्णय गर्ने अधिकार बैंकमा सुरक्षित रहनेछ।
(ज) शिलबन्दी बोलपत्रकर्ताको कवोल स्वीकृत भएमा अचल सम्पत्ति (घरजग्गा आदि) दा.खा. नामसारी गर्दा लाग्ने सम्पूर्ण शुल्क, कर, अन्य दै–दस्तुर आदि समेत कवोलकर्ताले नै व्यहोर्नु पर्नेछ। घरबाटो सिफारिसको लागि सम्बन्धित कार्यालयलाई बैंकबाट पत्राचार गरि दिनेछ।
(झ) शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन शिलबन्दी बोलपत्रहरु दाखिला गर्ने र खोलिने मिति कायम हुनेछ।
(ञ) संस्थाको हकमा निम्न कागजातहरु पेश गरेको हुनु पर्नेछः-
(१) फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र।
(२) व्यवसाय दर्ताको इजाजतपत्र (नविकरण सहित)।
(३) मूल्य अभिवृद्धि कर र स्थायी लेखादर्ता नम्बर (प्यान) प्रमाण पत्रको प्रतिलिपि।
(४) कर चुक्ता गरेको प्रमाणपत्र।
(५) लिलाममा भाग लिने बारेको आधिकारिक निर्णय र पत्र
(६) शिलबन्दी बोलपत्र फारम बैंकको सम्बन्धित शाखा कार्यालयमा रु. ५००/– शुल्क बुझाई प्राप्त गर्न सकिनेछ।

**महालक्ष्मी विकास बैंक लि.**
**Mahalaxmi Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९
**कर्जा असूली विभाग** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

# प्रि–आइपीओको नाममा पैसा नउठाउन बोर्डको चेतावनी

news 24
**काठमाडौं, भदौ ९**

नेपाल धितोपत्र बोर्डले प्रि-आइपीओको नाम दिई सर्वसाधारणलाई शेयर बिक्री नगर्न चेतावनी दिएको छ। केही कम्पनीहरूले प्रि-आइपीओ भन्दै सर्वसाधारणलाई शेयर बिक्री गरेको पाइएपछि बोर्डले सोमबार सूचना निकालेर त्यस्तो शेयर बेच्न नपाउने जनाएको छ।

केही कम्पनीहरूले निकट भविष्यमा आइपीओ निष्काशन गर्ने भन्दै सर्वसाधारणलाई शेयर खरिद गर्न प्रस्ताव गर्दै अनधिकृत रूपमा पैसा उठाइरहेको गुनासो प्राप्त भएको भन्दै बोर्डले आफ्नो गम्भिर ध्यानाकर्षण भएको जनाएको छ। बोर्डले त्यसरी शेयर किन्न प्रस्ताव आएमा नकिन्न पनि आग्रह गरेको छ। कानूनमा प्रि-आइपीओसम्बन्धी कुनै व्यवस्था नरहेको र धितोपत्रसम्बन्धी ऐन, २०६३ को दफा २९ को उपदफा (१)मा संगठित संस्थाले एकपटकमा ५० जनाभन्दा बढी व्यक्तिलाई धितोपत्र बिक्री वितरण गर्ने भएमा सार्वजनिक निष्काशन गर्नुपर्ने व्यवस्था छ। सोही व्यवस्थाअनुसार अनुमति लिएर मात्रै आइपीओ निष्काशन गर्न पाउने बोर्डले जनाएको छ।

अनुमति नलिई शेयर खरिदबिक्री नगर्न बोर्डले सचेत गराएको छ। यस्तै सर्वसाधारण लगानीकर्तालाई पनि त्यस्तो शेयर खरिद नगर्न आग्रह गरेको छ।

# घट्यो धान रोपाइँ

काठमाडौं। मनसुन अनुकूल नहुँदा यस वर्ष धान रोपाइँ घटेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत कृषि विभागले उपलब्ध गराएको तथ्यांकअनुसार आइतबारसम्म गत वर्षको तुलनामा ३.६४ प्रतिशत कम रोपाइँ भएको छ। गत वर्ष यही समयमा मुलुकभर ९८.५४ प्रतिशत रोपाइँ भएकोमा यस वर्ष ९४.९ प्रतिशत रोपाइँ भएको विभागले जनाएको छ। विभागको तथ्यांकअनुसार मुलुकमा धान रोपाइँ हुने क्षेत्रफल १३ लाख ७६ हजार ४६६ हेक्टर रहेकामा हालसम्म १३ लाख ६ हजार २९३ हेक्टरमा रोपाइँ सम्पन्न भएको छ, जुन कुल क्षेत्रफलको ९३.३ प्रतिशत हो।

कोशी प्रदेशमा यस वर्ष ९७.२४ प्रतिशत रोपाइँ भएको छ। यसैगरी, मधेस प्रदेशमा ८६.३५ प्रतिशत, बागमती प्रदेशमा ९७.२७ प्रतिशत, गण्डकी प्रदेशमा ९६.६३ प्रतिशत रोपाइँ भएको छ। यस्तै, लुम्बिनी प्रदेशमा ९८.३७ प्रतिशत, कर्णाली प्रदेशमा ९९.७२ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ९९.७२ प्रतिशत रोपाइँ भएको छ।

कृषि विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले यस वर्ष समयमा नै वर्षा हुन नसक्दा धान रोपाइँ कम भएको जानकारी दिए। *रासस*

# इक्यान ललितपुरको शैक्षिक मेला बुधबार

ललितपुर (संवाददाता)- इक्यान ललितपुरले बुधबार शैक्षिक मेला आयोजना गर्ने भएको छ। ललितपुरसँगै उपत्यकाका विद्यार्थी तथा अभिभावकलाई विश्वस्तरीय शैक्षिक अवसरका बारेमा जानकारी दिन इक्यानले फ्ल्यागशिप कार्यक्रम 'इक्यान ललितपुर नेक्स्टजेन ग्राण्ड एजु एक्स्पो २०२५' आयोजना गर्न लागेको हो।

कुपण्डोलस्थित होटल हिमालयमा आयोजना हुने एक्स्पोको नारा 'इन्स्पायरिङ ड्रिम्स, गाइडिङ फ्युचरर्स टुगेदर' दिइएको छ। कार्यक्रमले विद्यार्थी र अभिभावकलाई अन्तर्राष्ट्रिय विश्वविद्यालयका प्रतिनिधिहरूसँग प्रत्यक्ष भेटघाट गर्ने, अध्ययन अवसरबारे विस्तृत जानकारी लिने तथा आफ्नो भविष्यको योजना बनाउन अवसर प्रदान गर्ने आयोजकले जनाएको छ।

एक्स्पोले ललितपुरका विद्यार्थीलाई घरमै विश्वस्तरीय शैक्षिक विकल्प पाउन सहज बनाउने इक्यान ललितपुरकी सचिव सनम महर्जनले बताइन्। उनले यस किसिमको मेलाले विद्यार्थीलाई सही निर्णय लिन र अभिभावकलाई विश्वासिलो जानकारी प्राप्त गर्न मद्दत गर्ने बताइन्।

इक्यानका अध्यक्ष अरविन्दकुमार सिंहले एक्स्पोमा सहभागी हुने अवसर अवसर नछुटाउन आग्रह गरे। उनले आफ्नो टोली राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिनिधिहरू तपाईंलाई पूर्ण मार्गदर्शन दिन तयार रहेको बताए। 'शिक्षा जीवनको ठूलो लगानी हो र अहिलेको सही निर्णयले तपाईंको भविष्य निर्धारण गर्छ,' उनले भने।

यस ग्राण्ड शैक्षिक महोत्सवमा अष्ट्रेलिया, न्यूजील्यान्ड, बेलायत, अमेरिका, यूएई, साइप्रस, मलेशिया, भारत र नेपालका प्रतिष्ठित विश्वविद्यालय तथा कलेजका प्रतिनिधिहरू सहभागी हुने आयोगकले जनाएको छ। एक्स्पोमा सहभागी संस्थानहरूमा युनिभर्सिटी अफ वैकाटो, युनिभर्सिटी अफ अकल्याण्ड, रोयल रोड्स युनिभर्सिटी, लिभरपुल जोन मुरेस युनिभर्सिटी, वेब्स्टर युनिभर्सिटी, एनएपीएस, एसएएचइ, यूक्लान युनिभर्सिटी-साइप्रस, शूलिनी युनिभर्सिटी-भारत छन्। साथै नेपालका एआईटीएम कलेज र द वेस्टमिनिस्टर कलेज रहेका छन्। अष्ट्रेलियाका प्रतिष्ठित कुइन्सफोर्ड कलेज र फ्युजन कलेज अफ टेक्नोलोजी पनि एक्स्पोमा सहभागी हुँदैछन्।

# अष्ट्रेलियन इन्स्टिच्युट अफ हायर एजुकेसनको पार्टनर्स मिट सम्पन्न

काठमाडौं (संवाददाता)- अष्ट्रेलियन इन्स्टिच्युट अफ हायर एजुकेसन -एआईएच) ले नेपालका प्रमुख शैक्षिक क्षेत्रका सरोकारवालाहरूसँग सहकार्यको नयाँ सम्भावनाहरू र एआईएचका प्रिमियम शैक्षिक कार्यक्रमबारे छलफल गरेको छ। काठमाडौंको हिल्टन होटलमा महत्त्वपूर्ण पार्टनर्स मिट गरिएको हो।

कार्यक्रमको सुरुवात एआईएचकी क्षेत्रीय मार्केटिङ म्यानेजर मनिषा प्रधानको स्वागत मन्तव्य राखे। उनले एआइएचको दृष्टिकोण, अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई उपलब्ध गराइने गुणस्तरीय शिक्षा र संस्थाको प्रतिबद्धताबारेमा आफ्नो धारणा राखिन्।

एआईएचका चीफ ग्रोथ अफिसर ट्रेण्ट म्याकहेनरीलाई मुख्य प्रस्तुतीकरण दिए। ट्रेण्ट म्याकहेनरीले आफ्नो प्रस्तुतीकरणमा एआईएचलाई अष्ट्रेलियाको शैक्षिक उत्कृष्टताकै केन्द्रका रूपमा विकास हुँदै गएको तथ्य औंल्याए। उनले सिड्नी र मेलबर्नजस्ता विश्वका अत्यन्त गतिशील विद्यार्थी गन्तव्यहरूमा एआईएचको महत्त्वपूर्ण उपस्थिति र आकर्षणबारे विस्तृत व्याख्या गरे।

'एआईएच केवल डिग्री प्रदान गर्ने संस्थामात्र होइन, यो विद्यार्थीको जीवन परिवर्तन गर्ने अनुभव हो। सिड्नी र मेलबर्नका क्याम्पसहरूमार्फत हामी विद्यार्थीलाई विश्वस्तरीय संकाय, उद्योगसँग जोडिएको अध्ययन प्रणाली र उत्कृष्ट करियर अवसरहरू प्रदान गर्छौं,' उनले भने।

उनले एआईएचका विशेष कार्यक्रमहरू बिजनेस, इन्फर्मेशन टेक्नोलोजी र म्यानेजमेन्टको चर्चा गर्दै ती कार्यक्रमहरू विश्व श्रमबजारको बदलिँदो



आवश्यकतालाई ध्यानमा राखेर डिजाइन गरिएको बताए। एआइएचले उद्योगसँगको सहकार्य र इन्टर्नशिप अवसरसमेत उपलब्ध गराउँछ, जसले विद्यार्थीलाई प्रतिस्पर्धात्मक क्षमता बढाउन मद्दत गर्दछ।

म्याकहेनरीले थप स्पष्ट पारे कि लचिलो अध्ययन विकल्प, आधुनिक क्याम्पस सुविधा र सशक्त विद्यार्थी सहयोग सेवाका कारण एआइएच अन्तर्राष्ट्रिय विद्यार्थीहरूको पहिलो रोजाइ बन्न पुगेको छ। साथै, एआईएचबाट स्नातक हुने विद्यार्थीहरूको उच्च रोजगारी दर पनि कार्यक्रममा सहभागी शिक्षा साझेदारहरूको प्रमुख चासोको विषय बनेको छ।

एआईएचले नेपाललाई आफ्नो प्राथमिक बजारका रूपमा लिँदै पारदर्शी र भरपर्दो जानकारीमार्फत विद्यार्थीलाई अष्ट्रेलियामा अध्ययनका लागि तयार पार्ने लक्ष्य राखेको स्पष्ट गरेको छ। यस्ता पहलमार्फत एआईएचले नेपाली विद्यार्थी र अष्ट्रेलियन शिक्षा प्रणालीबीचको दूरी घटाउँदै भविष्यमा थप शैक्षिक र पेशागत सफलता दिलाउने मार्ग प्रशस्त गर्न निरन्तर योगदान दिइरहेको छ।





# तीजका भेलामा भाइरल 'नत्र भने जिन्दगी!'

*उनी छन् र पो गाजलुको अर्थ छ*
*नत्र भने जिन्दगी व्यर्थ छ ओई पुतली*
*माया छ र पो मायालुको अर्थ छ*
*नत्र भने जिन्दगी व्यर्थ छ ओई पुतली*

तीजको माहोलमा रिलिज भएको 'कोशेढुंगा' फिल्मको यो तीजगीतले यतिबेला करोडौं भ्यूज पाएको छ। खासगरी टिकटकमा यो गीत यतिबेला भाइरल बनिरहेको छ। युट्युबमा भने ६६ लाखभन्दा बढी भ्यूज पाएको छ। यो भ्यूज गीत हिट भएको मानकका रुपमा लिइन्छ।

यो देखेर फिल्मका निर्देशक सरोज पौडेल निकै खुशी छन्। अघिल्लो फिल्म 'पूर्णबहादुरको सारंगी'बाट अभूतपूर्व सफलताको स्वाद चाखेका निर्देशक पौडेलबाट दर्शकले बढी नै अपेक्षा गरिरहेका बेला यो गीत भाइरल हुँदा उनी सन्तुष्ट देखिएका छन्।

खेम सेन्चुरीको संगीत, नेत्र अर्यालको शब्द तथा समीक्षा अधिकारी र दीपिका बयम्बु मगरको स्वर रहेको यो गीतको निकै चर्चा भइरहेको छ।

गीतमा फिल्मका नायिकाहरू सुरक्षा पन्त, ऋचा शर्मा, नीति शाहले कम्मर मर्काउँदै नाचेको दर्शकले रुचाइरहेका छन्।

'गीत एक किसिमले भाइरल भएकामा मलाई सन्तोष लागेको छ,' निर्देशक पौडेलले भने, 'अघिल्लो फिल्मको सफलताका कारण धेरैले यो फिल्म पनि त्यस्तै सफल होला कि नहोला भनेर सोधिरहनु भएको छ। एक किसिमले मानसिक दबाब पनि छ। दर्शकको अपेक्षा पनि बढी छ। तर सधैं सोचेजस्तै नहुन सक्छ भन्नेमा म सचेत छु।'

आउँदो विहीबारबाटै फिल्म रिलिज हुने र त्यसको मुखमा यो गीत भाइरल हुँदा फिल्मलाई फाइदा हुनसक्ने अपेक्षा गरेको उनले बताए।

अघिल्लो फिल्मभन्दा यसलाई प्राविधिक रुपमा बलियो बनाउने प्रयास गरेको उनले बताए। फिल्मको मुख्य ज्यान नै कथा भएकाले राम्रो कथाले दर्शकलाई आकर्षित गर्ने उनले बताए।

फिल्मले पढेलेखेको युवा बेरोजगार हुँदाका समस्याले मध्यमवर्गीय परिवारमा पार्ने समस्यामाथि टिप्पणी गर्ने बताइएको छ। अहिले भाइरल बनेको गीतमा महिलाहरूको प्रेम, समर्पण र सपनाका कुरा रहेको छ।

'फिल्मको शुरुवात नै तीजको गतिविधिबाट भएकाले यो गीत जरुरी थियो,' निर्देशक पौडेलले भने, 'कथाले मागेकै कारण यो गीत बनाइएकाले र समय सान्दर्भिक भएकाले टिकटकमा करोडभन्दा बढी भ्यूज पाएको हो।'

गीत हिट भएपछि फिल्मको नाम 'कोशेढुंगा'जस्तै राम्रो शुरुवात भएको उनले बताए। साना कुराबाट डराउने, चुल्बुले, गाउँकी एउटी साधारण केटीले जीवनमा आइपर्दा कस्ता ठूला निर्णय लिन सक्छे भन्ने विषय फिल्मको रहेको उनले बताए।

## साहित्य महोत्सवमा अर्को मुखर्जी



गायक तथा संगीतकार अर्को मुखर्जीले काठमाडौंमा यही भदौ २८ र २९ मा आयोजन हुने 'काठमाडौं कलिङ्गा साहित्य महोत्सवको चौथो संस्करणमा गाउने भएका छन्। महोत्सवमा नेपाल र भारतका प्रख्यात साहित्यकारहरूको जमघट हुने बताइएको छ।

बंगाली चलचित्रहरूमा स्वर दिएर चर्चामा आएका मुखर्जीको नेपाली संगीतप्रति विशेष लगाव छ। उनले हिट नेपाली गीतहरूलाई कभर भर्जनमा गाएर नेपाली दर्शकहरूको मन जितिसकेका छन्। लोक संगीतमा झुकाव राख्ने उनले उकालीमा हजुर, भैंसी लड्यो, लाहुरेको रेलिमै, मोहनी लाग्ला है, सिन्धुली गढी, ए कान्छालगायत थुप्रै नेपाली हिट गीतलाई कभर भर्जन गाएका छन्।

यस पटकको महोत्सवमा 'अन्तर्राष्ट्रिय बुकर पुरस्कार २०२५'का विजेता भारतीय लेखिका बानु मुस्ताकसँगै अनुवादक दीपा भास्टी, इतिहासकार डा. विक्रम संपत, लेखक तथा कूटनीतिज्ञ विकास स्वरूपलगायत दक्षिण एशियाली र अन्तर्राष्ट्रिय ख्यातिप्राप्त लेखकहरू महोत्सवमा सहभागी हुनेछन्।

यस पटकको संस्करणको मूल विषय 'सीमापारि : बदलिँदो विश्वमा दक्षिण एशियाली साहित्य' रहेको छ। महोत्सवमा भारत, नेपाल, भूटान, बंगलादेश र श्रीलङ्कासहित करिब ३०० लेखक सहभागी हुने नेपालस्थित आयोजकले बताएको छ।

महोत्सवमा प्यानल छलफल, कविता वाचन, पुस्तक लोकार्पण, लेखकसँग अन्तरक्रिया, लेखन तथा अनुवाद कार्यशाला र सांस्कृतिक प्रस्तुति हुने बताइएको छ।

# जब भुवनले अनमोललाई थप्पड हाने...



'जेरी अन टप' फिल्मको सुटिङका बेला छोरालाई थप्पड हान्नु निकै गाह्रो भएको अभिनेता भुवन केसीले अनुभव सुनाए। एउटा लङ सट र अर्को क्लोज सटमा दुईपटक थप्पड हान्नुपर्ने अवस्थामा अनमोललाई दुईपटक थप्पड हानेका थिए। तर उनले लङ सटमा भने गाला पड्किने गरी थप्पड हाने पनि क्लोज सट खिच्ने बेलामा थप्पड हान्न सकेनन्।

यो संस्मरण भुवनले फिल्मको टिजर रिलिजका अवसरमा सुनाएका हुन्। त्रिकोणात्मक प्रेमकथा बोकेको यो फिल्मका बारेमा जानकारी दिन काठमाडौंमा आयोजित एक कार्यक्रममा बताएका हुन्।

यस फिल्ममा पहिलो पटक भुवन केसी र अनमोल बाबुछोरा बनेर खेलेका छन्। भुवनले भने, 'मैले वास्तविक जीवनमा अनमोललाई एक थप्पड पनि हानेको छैन। थप्पड त परै जाओस्, मैले कडा शब्दमा उसलाई गाली पनि गरेको छैन। पर्दामा थप्पड हान्नु पर्दा मलाई ज्यादै गाह्रो भयो। तर पर्दामा त्यो वास्तविक रुपमा नै आओस् भन्ने चाहन्थेँ।'

छोरासँग प्रतिस्पर्धा गर्दा कस्तो लाग्यो भन्ने प्रश्नमा उनले भने, 'अनमोलसँग पहिलो पटक यसरी स्क्रिनमा बाउछोरा नै भएर खेलेँ। यसअघि छोरा पुस्ताका धेरैसँग काम गरेको भए पनि छोरासँगै पहिलो पटक बाबुछोरा भएर खेल्दा कसरी यसलाई अझ वास्तविक बनाउन सकिन्छ भन्नेमा मेरो ध्यान थियो।'

यो फिल्ममा हेर्दा अनमोलले आफूलाई हराउने किसिमले काम गरेको र यसमा आफू पहिलो पटक खुशी भएको उनले बताए। बुवालाई हराउने गरी अभिनय गर्दा कस्तो लागेको छ भन्ने पत्रकारको प्रश्नमा अनमोलले भने, 'उहाँको योगदानका अगाडि मेरो काम केही छैन। त्यसैले उहाँलाई हराउने कुरा म सोच्न पनि सक्तिनँ।'

आफ्नो १२ वर्षको करियरमा यो फिल्ममा आफूले राम्रो काम गर्ने मौका पाएको अनमोलले बताए। उनले सो अवसरमा फिल्म रिलिज हुँदा फिल्मले राम्रो व्यापार गरोस् भन्ने चाहना भए पनि त्यही कुरामा हावी नहोस् भन्ने सचेतता भएको बताए। उनले भने, 'फिल्मले राम्रो व्यापार गरेको कसलाई पो मन पर्दैन। तर फिल्मले व्यापार गर्छ कि गर्दैन भनेर तनाव लिन्नँ। मैले त आफ्नो काम इमान्दारीपूर्वक गर्नुपर्छ। मिहिनेतपूर्वक गरिएको कामलाई भविष्यपर्यन्त दर्शकले याद गर्छन्। फेरि फिल्ममेकिङ टिमवर्क हो। त्यसैले सारा बोझ आफैंले बोकेर हिँड्नु उचित हुँदैन।' तीन वर्षदेखि फिल्मको काम शुरु भएको र गएको एक वर्ष समय लगाएर सुटिङ गरिएको टिजर सार्वजनिक भएपछि यसको सुन्दरताको तारिफसमेत भएको छ।

स्क्रिप्टमा तीन वर्ष, अनि सुटिङ गर्दा पनि जाडो र गर्मी मौसमअनुसार फिल्म खिच्दा बढी समय लागेको कार्यक्रममा नायक अनमोल केसीले बताए। उनले फिल्ममा जेरीको भूमिका खेलेका छन्। उनलाई फिल्ममा दुई नायिका आँचल शर्मा र जसिता गुरुङले साथ दिएका छन्।

कार्यक्रममा वास्तविक जीवनमा आफूलाई रोमान्स गर्न नआए पनि पर्दामा चाहिँ आँचल र जसिताको सहयोगले निखार ल्याएको अनमोलले बताए। उनले भने, 'तपाईंहरू दुई जनाको सहयोग नभएको भए मेरो रोमान्समा निखार आउँदैनथ्यो होला। त्यसैले तपाईंहरू दुवै जनालाई धन्यवाद दिन्छु।'

उनले कलाकार निर्मल शर्मालाई सम्मान गर्दै भने, 'निर्मल दाइ, तपाईं मेरो लक्की चार्म हुनुहुन्छ। तपाईंसँग जोडिएका हरेक फिल्म सफल भएका छन्। त्यसैले यो पनि सफल हुन्छ।' यस फिल्ममा पूर्व मिस नेपाल उषा खड्गी अनमोलकी आमाको भूमिकामा देखिएकी छन्। उनले उषातर्फ हेर्दै भने, 'पर्दामा यति सुन्दर आमा पाएकामा म ज्यादै खुशी छु।'

# महावीर पुनले झापामा मात्रै ३० हजार प्रति बेचे जीवनी

राष्ट्रिय आविष्कार केन्द्रका सञ्चाकल डा. महावीर पुनको आत्मकथा 'महावीर पुनः सम्झना, सपना र अविरल यात्रा' पुस्तक झापामा ३० हजार थान बिक्री भएको छ।

आविष्कार केन्द्रको सहयोगार्थ पुस्तक बिक्री अभियान लिएर उनी गत एक महिना झापामा थिए। यस अवधिमा उनको पुस्तक बिक्रीबाट दुई करोड २५ लाख सङ्कलन भएको उनले बताएका छन्।

महाकालीबाट पुस्तक बिक्री गर्दै मेचीको किनार आइपुग्दा उनको सबैभन्दा बढी पुस्तक बिक्री भएको जिल्ला झापा हुन पुगेको छ। उनको पुस्तक सुनसरीमा २७ हजार र रुपन्देहीमा २० हजार प्रति बिक्री भएको थियो।

जिल्लाका १५ वटै पालिकामा उनी पुस्तक बिक्रीका लागि पुगेका थिए। भद्रपुर नगरपालिकामा सात दिनमा तीन हजार २१९ प्रति अर्थात् २४ लाख १४ हजार २५० रुपैयाँको पुस्तक बिक्री भएको अभियानमा संयोजनकारी भूमिका निर्वाह गरेका भद्रपुरका दिपेश ढकालले बताए।

'उहाँ अति साधारण जीवनशैली भएको व्यक्तित्व हुनुहुँदोरहेछ,' ढकालले भने, 'पुस्तक बिक्री अभियानमा हिँड्दा उहाँले बाटामा पोलेका मकै र मःम खाएर भोक मेटाउनुहुन्थ्यो। ऐस, आराम र सम्मानमा उहाँको रुचि हुँदैनथ्यो। आफूले लगाएका लुगा आफैं धुनुहुन्थ्यो।'

झापाबाट पुस्तक बिक्रीका लागि इलाम पुगेका पुनको अभियानमा अर्का एक जना सहयोगी पनि छन्। सामान



बोक्ने सवारीसाधनमा आएका उनी त्यही गाडीमा किताब बोकेर अभियानमा निस्कने गरेका छन्। उनका एक जना सहयोगीले गाडी हाँक्ने गरेका छन्।

बिक्रीबाट सङ्कलन भएको नगद उनले राष्ट्रिय आविष्कार केन्द्रको बैंक खातामा नियमित रूपमा जम्मा गर्ने गरेको ढकालले बताए। 'दिनभरि किताब बेच्न हिँड्दा खुट्टा सुन्निने गरेका छन्,' ढकाल भन्छन्, 'उहाँलाई आफ्नो स्वास्थ्यको पनि त्यति चिन्ता देखिँदैन, जति चिन्ता उहाँ वीरगञ्जको औजार कारखाना चलाउने विषयमा लिनुहुन्छ।'

पस्तक बिक्रीबाट सङ्कलन भएको रकम आविष्कार केन्द्रमार्फत वीरगञ्ज औजार कारखाना सञ्चालनमा खर्च हुँदै आएको वैज्ञानिक पुनले बताए।

आत्मकथा बेच्दै हिँडेको पाँच सय दिन पूरा भएको पनि उनले जनाए। अहिलेसम्म आफूले दुई लाख ३० हजारभन्दा धेरै पुस्तक बिक्री गरेको बताए। 'अहिलेसम्ममा खर्च कटाएर लभगभ १२ करोड रुपैयाँ बचेको छ। त्यही पैसाले वीरगञ्ज कृषि औजार कारखाना मर्मत गरेको हो र नयाँ मेसिनहरू पनि थपेको हो।'

आफूले नेतृत्व गरेर सञ्चालनमा ल्याएको वीरगञ्ज औजार कारखाना राम्रैसँग चलिरहेको र त्यहाँ ४० जना इञ्जिनियरहरूले रातदिन काम गरिरहेको उनले जानकारी दिए। *रासस*

## विश्वकर्माको मूर्ति बनाउन भ्याइनभ्याइ

विश्वकर्मा पूजा आउन करिब एक महिना बाँकी रहँदा यहाँ विश्वकर्माको मूर्ति बनाउन शुरु मूर्तिकारलाई भ्याइनभ्याइ भएको छ। हरेक वर्ष असोज १ गते विश्वकर्मा पूजाका दिन विश्वकर्माको पूजाआराधना गर्दै यहाँ उत्सव मनाउने प्रचलन रहेको छ।

धनगढी उपमहानगरपालिका-२ भन्सारका मूर्तिकार महेन्द्रकुमार शाहले असोज १ गते मूर्तिको माग बढी हुने भएकाले अहिलेदेखि बनाउन थालिएको बताए। विश्वकर्मा पूजाका लागि फरकफरक स्वरुपका कलात्मक मूर्ति बनाउन उनलाई हिजोआज भ्याइनभ्याइ छ।

माटोको मूर्ति निर्माण गर्ने, निर्मित मूर्तिलाई सिँगार्ने, रङ लगाउने, सजाउने, आकर्षक बनाउनेलगायत कार्यमा व्यस्त हुने गरेको शाहले बताए। 'पूजाको दिन बजारमा कलकारखाना, उद्योग, औजार र उपकरणलगायत क्षेत्रमा मूर्ति मा बढी हुन्छ। मूर्तिलाई प्रतिस्थापना गरेर पूजाअर्चना गर्ने प्रचलन छ,' उनले भने, 'बजार मागअनुसार आपूर्ति गर्ने उद्देश्यले साउनको दोस्रो सातादेखि विश्वकर्मा बाबाको मूर्ति बनाउन सुरु गरेको हुँ, पछि हतार गर्नुभन्दा अहिलेदेखि काम गर्द सहज हुन्छ।'

मूर्तिकार शाहले हालसम्म १५ वटा मूर्ति निर्माण भइसकेका जनाउँदै थप मूर्ति बनाउने तयारी भइरहेको बताए। उनका अनुसार प्रतिमूर्ति पाँच हजारदेखि १० हजार रुपैयाँसम्ममा बिक्री हुन्छ। जसमध्ये ५० प्रतिशत फाइदा हुने उनको भनाइ छ।

ग्राहकको मागअनुसार विभिन्न दररेटका मूर्ति बनाउने



गरेको शाहले उल्लेख गर्नुभयो। 'एउटा मूर्ति बनाउन झण्डै एक साता लाग्छ। तीन दशकदेखि मूर्तिकार पेसालाई अँगाल्दै आएको छु। विश्वकर्माको पूजा, छठ पर्व, बडादशैंलगायत चाडपर्वका लागि विभिन्न देवीदेवताका मूर्ति बनाएर बिक्री गर्दै आइरहेको छु,' उनले भने।

मूर्ति निर्माणका लागि माटो, पराल, सुतली धागो, काठ, किला, कपास, बोरालगायत सामग्री प्रयोग हुने शाहले जानकारी दिनुभयो। लामो समयदेखि यही पेसाबाट छोराछोरीको शिक्षादिक्षासँगै आठ जनाको परिवारको जीविकोपार्जन भइरहेको उनले बताए।

स्थानीय सरकारले कला, संस्कृतिको संरक्षण, पुस्तान्तरणका लागि मूर्तिकारलाई आर्थिक सहयोग, सीपमूलक तालिमलगायतको व्यवस्था गर्नुपर्नेमा उनको जोड छ। *रासस*

नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४५००७७७, इमेलः news@news24dainik.com, अध्यक्षः अनिल जोशी, प्रबन्ध निर्देशकः अदिश जोशी, प्रधान सम्पादकः तीर्थ कोइराला